# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## जोशीपुर गाउँपालिका

## कैलाली





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## जोशीपुर गाउँपालिका
## कैलाली




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## जोशीपुर गाउँपालिका

### कैलाली

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५१३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
जोशीपुर गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
कैलाली ।

**कैफियत सहितको राय**

हामीले जोशीपुर गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड ८९ लाख ५३ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. ३६ लाख ७८ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १४ लाख ५८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७६ लाख ५७ हजार, नियमित गर्नुपर्ने रु. २ करोड १६ लाख ३८ हजार, सोधभर्ना बाँकी रु. ४ लाख ८२ हजार र पेश्की रू. ४० लाख ४० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ७ करोड ३६ लाख १९ हजार बेरुजु बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड ८८ लाख ९४ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

जोशीपुर गाउँपालिका, कैलाली

## १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८८ | ८४ | ३८९५३ | ० | ४ | ३६७८ | ८८ | ८० | ३५२७५ | १४५८ | २१६३८ | ७६५७ | ० | ४८२ | २९७७७ | ४०४० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

(रु. हजारमा)

| क्र.सं. | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १. | १५.१ | विद्यालय भौतिक निर्माणको कार्य सम्पन्न प्रमाण पेश | ३६०० |
| २. | १६.२ | अ.न.मि.को पारिश्रमिक दाखिला | ७८ |
| जम्मा | | | ३६७८ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| जोशीपुर गाउँपालिका, कैलाली | ७३६१९ | ० | ० | ७३६१९ | ० | ३५२७५ | १०८८९४ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : जोशिपुर गाउँपालिका, कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | धर्म राज खत्री | २०७८-१२-७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | टिपेश तिमिल्सिना | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३५,२७५,५७०.५८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ९,१७,२८,४५६.७१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २५,९२,८७,९४६.८६ | **चालु खर्च** | २८,२७,७१,२५६.२४ |
| **प्रदेश सरकारबाट अनुदान** | २,६१,९५,९६७.८५ | **पूँजीगत खर्च** | १७,२४,९४,९६५.५७ |
| **राजश्व बाँडफाँट** | ८,३८,५०,७०६.६१ | **वित्तीय/अन्य व्यवस्था** | १२,२७,४९,९१७.५१ |
| **आन्तरिक आय** | १,४३,७८,२७२ | | |
| **अन्य आय** | १२,२३,९९,५५३.९४ | | |
| **कुल आय** | ५०,६१,१२,४४७.२६ | **कुल खर्च** | ५७,८०,१६,१३९.३२ |
| **बाँकी मौज्दात** | | १,९८,२४,७६४.६५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा ६५.६७ वर्ग किलोमिटर क्षेत्रफल तथा ३६४५९ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा उपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असूली**<br><br>विधि बिपरित विभिन्न प्रयोजनमा भुक्तानी भएका रकमहरु लेखापरीक्षणको क्रममा औंल्याईए बमोजिम रु. ९९,७८५ असूल भई राजश्व खाता नं. १५१११ मा जम्मा भएको छ। | |
| ४ | | | **सम्पत्ति उपयोग तथा संरक्षणः** | |
| ४.१ | | | **जिन्सी लगत खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.२ | | | **सार्वजनिक सम्पत्तिको अभिलेखः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैन । भण्डार शाखा अनुसार पालिका भित्रको २ बिघा जग्गा अतिक्रमण भई मानिसहरुको बसोबास रहेको छ । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ । | |
| ४.३ | | | सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, **उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेकोरअभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु,गराउनुरअभिलेख राख्नु पर्दछ। | |
| ४.४ | | | **जिन्सी निरीक्षण प्रतिवेदनः** आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ (१) तथा १११ (१,२,३,४, ५, ६ र ७) बमोजिम कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको, मर्मत तथा लिलाम गर्नुपर्ने विभिन्न मालसमान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने विभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार प्रयोगमा नरहेका १८ किसिमका ७७ वटा सामाग्रीहरुमध्ये ३ किसिमका ९ वटा सामान मर्मत गरेमा सञ्चालनमा ल्याउन सकिने, १५ किसिमका ६८ सामाग्री डिजिटल क्यामेरा, अन्य उपकरण, व्याट्री, टेलिफोन समेत मिन्हा गर्नुपर्ने देखिन्छ । प्रतिवेदनमा उल्लिखित उक्त सामानहरुको मर्मत, लिलाम तथा मिन्हा गरेको पाइएन । कार्यालयले पेश गरेको प्रतिवदेनमा चालु आर्थिक वर्षमा खरिद गरेको सवारी साधन वा मालसमानको जिन्सीमा स्पेसिफिकेशन उल्लेख गरी अद्यावधिक गरेको पाइएन । उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत, लिलाम तथा मिन्हा गरी कार्यालयले पाम्समा जिन्सी अद्यावधिक गर्नु पर्दछ । | |
| ४.५ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनु पर्दछ । | |
| ४.६ | | | **वडा कार्यालयबाट सामाग्री खरिदः** पालिकाले वडा कार्यालयलाई नै बजेट विनियोजन गरि कार्यालय सञ्चालन सम्बन्धी सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ । पालिकाले पाम्स सफ्टवेयरमा जिन्सी विवरण अभिलेख राख्ने गरेकोमा वडा कार्यालयबाट खरिद विवरण पाम्समा दाखिला हुँदैन र वार्षिक खरिदको एकिन विवरण अद्यावधिक हुन सक्दैन् । अतः वडा कार्यालयहरु मार्फत् हुने खरिदलाई पनि पाम्समा आवद्ध गर्नेतर्फ ध्यान दिनु पर्दछ। | |
| ५ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ५.१ | | | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः<br>•. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ,<br>.• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,<br>•. जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यालयले गरेको पाईएन,<br>•. सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | •. अधुरा आयोजनाहरूको समिक्षा गरेको प्रमाण पाईएन ,<br>•. बैक हिसाव मिलान गरेको पाईएन ,<br>•. कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा गाउपालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन , · स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो,<br>• जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको पाईएन,<br>कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाईएन ,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन ,<br>·• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ,<br>• सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन , | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार पाईएन,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरबन्दी रिक्त रहेको पाईयो ,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ,<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले उपर्युक्तानुसारका बिषयहरूमा आवश्यक आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गरेर सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५.२ | | | **बेरुजु लगतः** यस कार्यालयले बेरूजु सम्बन्धि लगत म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मको प्रयोग गरेको देखिएन । अत कार्यालयले म. ले. प. फारामको प्रयोग गरी बेरूजु अद्यावधिक गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ५.३ | | | **सूचना प्रविधी पद्दतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणको ब्यहोरा निम्न रहेको छ ,<br>१.सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन ,<br>२. सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको देखिएन , | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३ . कार्यालयमा २ प्रकारका सफ्टबेयर सिग्यास र सुत्रको प्रयोग गरेको कारण एकिकृर्त आर्थिक बिवरण तयार गर्ने म्यानुअलमा भर पर्नु पर्ने अवस्था रहेको ,<br>समग्र कारोवार एउटै सफ्टवेयरबाट नभएको कारण गाउपालिकाको वास्तबिक आय ब्यय निकाल्न समस्या देखिन्छ । | |
| ५.४ | | | **म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः** सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा देखएका ब्यहोरा निम्न रहेका छन ।कार्यालयले म.ले.प. फाराम बमोजिम सवारी साधनको अभिलेख अधावधिक गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक आंशिक रूममा मात्र राखेको देखिन्छ,<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको देखिएन । | |
| ५.५ | | | **भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारीको भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसुचि ६ बमोजिम म.ले.प फारामको प्रयोग गरी अभिलेख राखु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७८।७९ भ्रमण गरेका कर्मचारीहरूको निम्न अनुसारको बिवरण राखेको देखिएन अत कार्यालयले यसतर्फ ध्यान दिनु पर्दछ।<br>१. म. ले. प. फाराम बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन ,<br>२. म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन,<br>३. म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन आंशिक रूपमा मात्र लिने गरेको देखिन्छ । | |
| ६ | | | **कानुन निर्माण तथा कार्यान्वयन** | |
| ६.१ | | | **कानुन निर्माण तथा कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस कार्यालयले चालु आ.वा.मा ३ वटा कानुन तथा निर्देशिका तयार गरेको देखिन्छ भने आवश्यक्ता अनुसार पालिका लाई लागु हुने कानुन निर्माण भए नभएको एकिन हुन सक्ने आधार देखिएन । अतः पालिकाले संघ र प्रदेशसँग समन्वय तथा सरोकारवालाहरुकव सार्थक सहभागितामा आवश्यक कानुनको निर्माण गर्नुपर्दछ। | |
| ६.२ | | | **न्याय सम्पादन :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । यस कार्यालयले आर्थिक बर्ष २०७८।७९ मा दर्ता भएका ४२ र आर्थिक बर्ष | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | २०७७।७८ मा १५ गरी जम्मा ५७ वटा उजुरी दर्ता भएकोमा वटा २७उजुरीको फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाएको देखिन्छ भने ३० वटा उजुरी समयमा कारवाही किनारा गरी टुङ्गो लगाएको देखिएन । अत कार्यालयले समयमा उजुरी कारवाही किनारा लगाउन तर्फ ध्यान दिनु पर्दछ। | |
| ७ | | | **अनुदान पासी उपयोग तथा फिर्ता** | |
| ७.१ | | | **ससर्त अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु. १,८८,५९,२२७।४५ देखाएकोमा पालिकाले अषाढ मसान्त पछी मिति २०७९।५।१० मा फिर्ता गरेको देखिन्छ पालिकाले समयमा नै फिर्ता गर्न तर्फ ध्यान दिनु पर्दछ। | |
| ७.२ | | | **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार गरी विभिन्न २१ संघसंस्था र व्यक्तिहरुलाई रु ५,७०,०००।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु १,४३,७८,२७२।०० को १।६६प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम** | |
| ८.१ | | | **खर्च बिश्लेषण** – पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु १,४३,७८,२७२ राजस्व बाँडफाँड र अनुदानबाट रू समेत रु ४८,९१,५३,२७२।९७ आम्दानी भएकोमा चालु तर्फ रु २९,६८,३३,५४०।४३ र पूँजिगत तर्फ रु १७,२४,९४,९६५।५७ समेत रु ४६,९३,२८,५०६।३२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३।०६ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु ७२,३८,५००।०० खर्च भएको छ जुन आन्तरिक आय ५०.३४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.२५प्रतिशत चालु र ३६.७५ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.२ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ८.३ | | | **योजना र कार्यान्वयन**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठूलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष छनौट भई संचालन भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क.सं. | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाख भन्दा कमको योजना | १९ |
| २ | रु १ लाख माथि देखि २ लाख सम्मका योजना | २१ |
| ३ | रु २ लाख माथि देखि ५ लाख सम्मका योजना | ४७ |
| ४ | रु ५ लाख माथि देखि १० लाख सम्मका योजना | ८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | |
|---|---|---|
| ५ | दश लाख देखि माथिका योजना | २० |
| | **जम्मा** | ११५ |

</td><td></td></tr>
<tr><td>८.४</td><td></td><td></td><td>

**चौमासिक पूँजीगत खर्च**-आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली२०७७ को नियम ३५मा त्रैमासिक बिवरण बनाई पेश गर्नु पर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | अषाढको खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | पूँजीगत खर्च | १७२४९४ | १३३३५ | ६७२३१ | ९१९२८ | ३८७९२ |
| | कूल खर्चः | १७२४९४ | १३३३५ | ६७२३१ | ९१९२८ | ३८७९२ |
| | खर्च प्रतिशत | १०० | ७.७३ | ३८.९७ | ५३.२९ | २१.९६ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेश्रो चौमासिकमा ५३.२९ प्रतिशत र अषाढ महिनामा २१.९६ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>८.५</td><td></td><td></td><td>योजनाको प्राथमिकीकरण - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा पालिकास्तरका कुल ११५ योजनामा वजेट विनियोजन गरेको छ।
<table>
<tr><th>क्र. सं.</th><th>कार्यक्रमको नाम</th><th>योजना सङ्ख्या</th><th>रु.२० लाखमाथिका योजना सङ्ख्या</th><th>रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या</th><th>रु.५ लाखभन्दा कमका योजना सङ्ख्या</th></tr>
<tr><td>१.</td><td>पालिकास्तरीय</td><td>११५</td><td>२०</td><td>८</td><td>८७</td></tr>
</table></td><td></td></tr>
<tr><td>८.६</td><td></td><td></td><td>रकमान्तर: आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्यबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । पालिकाकाको बिनियोजन ऐन २०७८ मा रकमान्तरको प्रावधान रहेको छैन । कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न शिर्षकमा कुल रू ३ करोड ८० लाख ९८ हजार अर्थात कुल बजेट रू ५९ करोड.७८ लाख ४० हजारको. ६।३७ प्रतिशत रकमाान्तर गरी खर्च गरेको देखिन्छ । अत यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.७</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्च - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>वार्षिक वजेट</th><th>खर्च रकम</th><th>कुल खर्च मध्ये प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>१,३८,७६,०००।००</td><td>७८,९८,९४३।७५</td><td>१.७३५</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>३१,७४,०९,०००।००</td><td>१५,३७,२१,२४९।८६</td><td>३३.७६</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२२,२९,४४,०००।००</td><td>१८,९४,५५,०३४।९९</td><td>४१.६१</td></tr>
<tr><td>संस्थागत बिकास सेवा प्रवाह र सुशासन</td><td>४,२७,५२,९९९।००</td><td>२,८१,८९,६५९।१७</td><td>६.१९</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>९,३६,२५,०००।००</td><td>७,६०,०१,३३४।०४</td><td>१६.६९</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **जम्मा** \| ६९,०६,०६,९९९।१० \| ४५,५२,६६,२२१।८१ \| १०० <br> उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ४१.६१ प्रतिशत र संस्थागत बिकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी ६.१९ प्रतिशत रहेको छ । | |
| ८.८ | | | **अबण्डा बजेट —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु ६४,००,०००।००जनतासँग अध्यक्ष कार्यक्रम शिर्षकमा बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । | |
| ९ | | | **ठेक्का तथा अभिलेख** | |
| ९.१ | | | **गुणस्तरपरीक्षण** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यावसायीबाट आपर्ति गरेका अधिकाशं तथा उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । अत गाउपालिका कार्यालयले आपुर्ति गरेका समान तथा निर्माण कार्यको गुणस्तर परीक्षण गराउनतर्फ ध्यान दिनु पर्दछ । | |
| ९.२ | | | **कार्य स्वीकार प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्यआपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको निम्न ब्यहोरा राखी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ ।<br>१ . खरिद सम्झौता संख्या,<br>२. सम्पन्न भएको निर्माण कार्य प्राप्त भएको माल समान वा सेवाको बिवरण,<br>३.निर्माण कार्य सम्पन्न भएको वा माल समान वा सेवा प्राप्त भएको मिति,<br>४. सम्पन्न निर्माण कार्य, प्राप्त मालसमान,वा सेवा स्वीकृत भएको मिति | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | माथि उल्लेखित बमोजिमको ब्यहोरा प्रतिबेदन तयार भएपछि सार्वजनिक निकायले आवश्य प्रक्रिया पुरा गरि भुक्तानीको लागी आर्थिक प्रशासनमा लेखी पठाउनु पर्ने ब्यवस्था छ । यस कार्यालयदारा आर्थिक बर्ष २०७७।७८ मा संचालित वा बिगत आा.वा .बाट सर्दै आएका यस बर्ष सम्पन भई भुक्तानी भएका योजनाहरुको कार्यालयले कार्य स्वीकार प्रतिबेदन तयार गरेको देखिएन । कार्यालयेले अधिकाशं योजनाको नापी किताब र कार्य सम्पन्न प्रतिबेदन तयार गर्ने गरेको र उक्त प्रतिबेदनमा समेत कार्य शुरु भएको र सम्पन्न भएको मिति समेत उल्लेख नगरी प्राबिधिक र कार्यालय प्रमुखले सहि गरी रकम भुक्तानी गर्ने गरेको देखिन्छ । यसरी नियमावलीमा भएको ब्यवस्था पालना नगरी गरेका कार्य समयमा नै भएका हुन भन्न सकिने आधार देखिएन। अतः पालिका कार्यालयले नियमावलीमा भएको ब्यवस्था पालना गर्न तर्फ ध्यान दिनु पर्दछ। | |
| १० | | | **आर्थिक सहायता, विविध तथा महोत्सवतर्फ** | |
| १०.१ | | | **खाना तथा विविध खर्चः**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधका लागि रु. ११,९३,४३५ खर्च गरेको छ । पालिकाले कूल आन्तरिक आय रु. १,४३,७८,२७२ को ८.३० प्रतिशत मात्र खाना तथा विविधमा खर्च गरेको छ । यस्तो खर्च औचित्यको आधारमा मात्र गर्नु पर्दछ । | |
| १०.२ | | | **महोत्सव तथा अन्य खर्चः**– स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. १,८७,५०० खर्च गरेको छ । यस्तो खर्चलाई नियन्त्रण गर्नुपर्दछ। | |
| ११ | | | **विद्यालय अनुगमन तथा प्रतिवेदन**<br><br>स्थानीय तह सञ्चालन ऐन २०७४ ले माध्यामिक तहसम्मको शिक्षाको अनुगमन, मुल्याङ्कन र नियमन लगायतका व्यवस्थापीय कार्यहरु गर्ने अधिकार स्थानीय तहलाई दिईएको छ। सम्बन्धित पालिकाले सार्वजनिक तथा निजी विद्यालयको अनुगमन, नियमन व्यवस्था, विद्यालयगत अभिलेख, सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर सम्बन्धी कार्यहरु गर्नुपर्ने हुन्छ। पालिकाले विद्यालय अनुगमन तथा शैक्षिक गुणस्तरको मापन मापदण्ड निर्धारण गरेको छैन्। अतः पालिकाले अनुगमन र गुणस्तर मापनको मापदण्ड बनाई सोहि बमोजिम अनुगमन गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **सेवा प्रवाहको स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सो को अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार हालसम्म ३६ वटा कानून स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १४८३ |
| मृत्युदर्ता | ३७८ |
| बसाईसराई दर्ता | २८१ |
| विवाह दर्ता | ७५४ |
| सम्बन्धविच्छेद दर्ता | २ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | २०.१ कि.मि. |
| कालोपत्रे सडक मर्मत | ० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>ग्राभेल सडक निर्माण</td><td>१६८ कि. मि.</td></tr><tr><td>ग्राभेल सडक मर्मत</td><td>३६ कि.मि.</td></tr></table>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । यसरी पालिकामा अपाङ्गमैत्री सेवा, हेल्पडेस्क सुविधा, महिलामैत्री सुविधा तथा अनलाईन सुविधा लगायतको सुविधा प्रदान गरेको छैन् ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>बित्तिय बिवरण परिक्षण</td><td></td></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः</td><td></td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>सञ्चित कोषमा स्थानान्तरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.१,१९,९०,२०६।३० पुँजीगत खातामा रु.२,५२,९३,८०८।९८ आन्तरिक राजस्व खातामा रु९,२८,६७८।००राजस्व बाँडफाँड खातामा रु२,०३,२१३।०० समेत रु. ३,८४,१५,९०६।२८ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.३</td><td></td><td></td><td>फरक जिम्मेवारी -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु ७,३८,०७,५००।४०मौज्दात रहेकोमा यो वर्ष रु ९,१७,२८,४५६।७१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु १,७९,२०,९५६।३१ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरि हिसाब पेश गर्नुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.४ | | | **बैङ्क हिसाब विवरण**-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ . | |

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ५८,१२,५५२।९८ | ३२,४७,७६८।०० | |
| चालु खर्च खाता | ०० | १,१९,९०,२०६।३० | |
| पुँजीगत खर्च खाता | ०० | २,५२,९३,८०८।९८ | |
| विविध खर्च खाता | ४१,२२,३७५।३३ | ९४,२१,०२३।५१ | |
| प्रकोप व्यवस्थापन खाता | ३४,७४,७८१।०७ | ९,७८,७७१।०७ | |
| स्थानीय विभाज्य कोष | ०० | ०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कर्मचारी कल्याण कोष खाता</td><td>००</td><td>००</td><td></td></tr>
<tr><td>धरौटी</td><td>६४,१५,०५४।७५</td><td>०</td><td></td></tr>
<tr><td>ग१.१, आन्तरिक राजस्व खाता</td><td>००</td><td>९,२८,६७८।००</td><td></td></tr>
<tr><td>ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>००</td><td>२,०३,२१३।००</td><td></td></tr>
<tr><td>जम्मा</td><td>१,९८,२४,७६४।१३</td><td>५,२०,६३,४६८।०३</td><td>३,२२,३८,७०३।९०।</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td></tr>
</table>
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.५</td><td></td><td></td><td>फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ९,१७,२८,४५६।७१ यस वर्षको प्राप्ति रु ५०,६१,१२,४४६।७३ यस वर्षको भुक्तानी रु ५७,८०,१६,१३९।०० र बैङ्क</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मौज्दात रु १,९८,२४,७६४।४४ रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।<br><br><table>
<tr><th>विवरण</th><th>गतवर्षको जिम्मेवारी</th><th>यसवर्षको प्राप्ति</th><th>यसवर्षको भुक्तानी</th><th>बैङ्क मौज्दात</th></tr>
<tr><td>सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)</td><td>९,१७,२८,४५६।७१</td><td>३९,७४,२४,८१४।४६</td><td>४६,९३,२८,५०६।३२</td><td>१,९८,२४,७६४।४४</td></tr>
<tr><td>एकीकृत आर्थिक विवरणअनुसार</td><td>९,१७,२८,४५६।७१</td><td>५०,६१,१२,४४६।७३</td><td>५७,८०,१६,१३९।००</td><td>१,९८,२४,७६४।४४</td></tr>
<tr><td>फरक</td><td>0</td><td>१०,८६,८७,३३०।००</td><td>१०,८६,८७,३३०।००</td><td>००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१३.६</td><td></td><td></td><td>वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०,८६,८७,३३०।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>आन्तरिक आय</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। नगरपालिकाले आर्थिक वर्ष २०७८।०७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । (रु.हजारमा)</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>३८३७१२</td><td>१४३७८</td><td>३।७४</td></tr></table>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.७४प्रतिशत मात्र रहेको छ ।त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ (१),(२),(३),(४) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । व्यवसाय रजिष्ट्रेशन दस्तुर, मृत्युदर्ता सिफारिस दस्तुर, नाता प्रमाणित अन्य सेवा शुल्क सेवा दिएकोमा सो बापतको आय वडागत रुपमा असूल भएको कार्यालयबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन् । अत पालिका कार्यालयले समयमा राजस्व दाखिला गर्नतर्फ ध्यानदिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४.३</td><td></td><td></td><td>राजश्व दाखिलाः सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा २४ (३) आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले सात दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरीवाना गरी दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ ।पालिकामा वडाको राजश्व दाखिला ढिलो भएकोले ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । ढिलो दाखिला रकममा पालिकाले जरिवाना असुल गरेको देखिएन ।अत पालिकाले असुली आम्दानी रकम समयमा दाखिला नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई जरिवाना सहित असुल गर्नतर्फ ध्यानदिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१४.४</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सो को ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको प्रोफाइल तयार गर्नुपर्ने</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | व्यवस्था छ । तर पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सो को मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सो को संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ ध्यान दिनुपर्दछ । | |
| १४.५ | | | **आन्तरिक आयको अनुमान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाँउपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय—व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत रु.२ करोड २९ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१ करोड ४३ लाख ५५ हजार ५९५ अर्थात अनुमान भन्दा ३३.८८ प्रतिशत मात्र आय प्राप्त गरेको छ । कार्यालयले आन्तरिक आय अनुमानको तुलनामा असुली कम देखिएकोले याथार्थपरक आय अनुमान गर्न सकेको देखिएन । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । आन्तरिक आयमा प्राप्त आय र प्राप्त हुनुपर्ने आय सम्बन्धमा कार्यालयले समेत परिमाण भिडान गरेको पाईएन। साथै राख्नुपर्ने मलेप फारमहरु समेत पूर्ण रुपमा प्रयोग गरेको पाईएन। तसर्थ प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन भिडान गर्न सक्ने अवस्था छैन्। पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउदै कार्यालयले आम्दानीका सबै स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आयआर्जन वृद्धि गर्ने तर्फ ध्यान दिन आवश्यक छ । | |

| राजश्व शीर्षक | अनुमानित | प्राप्त रकम | असुल प्रतिशत |
|---|---|---|---|
| एकिकृत सम्पत्ति कर | २५०००००० | २८६७६२४ | ११.४७ |
| भूमिकर/ मालपोत | ७५००००० | ३२९२६ | ०.४३ |
| घरबहाल कर | ५००००० | ३०५५६० | ६१.११ |
| बहाल विटौरी | ३२००००० | ९८०६० | ३.०६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

| | | | |
| --- | --- | --- | --- |
| सवारी साधन | ०० | ०० | ०० |
| पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ०० | ०० | ०० |
| अन्य कर | ५०००० | ५०० | ०.१ |
| अन्य बिक्रीबाट प्राप्त रकम | ०० | ०० | ०० |
| अन्य प्रशासनिक सेवा शुल्क | ३२००००० | ९५४९ | ०.३ |
| नक्सापास दस्तुर | १२००००० | ९२५२६ | ७.७१ |
| सिफारिश दस्तुर | २५००००० | १३७६८४७ | ५५.०७ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १२००००० | ६१३६३० | ५१.१४ |
| नाता प्रमाणित दस्तुर | ५०००० | ७४१५० | १४.८३ |
| अन्य दस्तुर | | | |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | १२००००० | १८३१५० | १५.२६ |
| अन्य राजस्व | ४२५०००० | ७६८३२३५ | १८०.७८ |
| जम्मा | ४२४२०००० | १४३७५५९५ | ३३.८८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १५ | | | **सशर्त पुजिगत** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>विद्यालय भौतिक पूर्वाधार निर्माण- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. ८६,८८,३१८.०० निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>बिद्यालयको नाम</th><th>कामको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१</td><td>रघुनाथ आदर्श प्राबिधिक बिद्यालय</td><td>नमुना बिद्यालय</td><td>५०,६६,३१८.००</td></tr>
</table>
प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारबाट मिति २०७९।१२।२० को निर्णयबाट रु. ३६,००,००० ।- सम्परीक्षण गरिएको ।</td><td>५,०६६,३१८</td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>अनुदान ब्यवस्थापनः कार्यक्रम कार्यान्यन पुस्तिका २०७८।७९ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०७८।७९ मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ।
<table>
<tr><th>सि.न.</th><th>बिद्यालयको नाम</th><th>कार्यक्रमको नाम</th><th>रकम</th></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १ \| जनता मा.बि. मैनापोखरी \| ल्याब स्थापना \| ६५००००.०० | |
| १५.३ | | | **औषधि खरिद एवं भण्डारणः** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधीहरुको म्याद कम्तीमा १८ महिना हुनुपर्ने उल्लेख गर्नुपर्दछ । यस वर्ष नगरपालिकाले चालु सशर्तबाट रु ४८,४७,९९९।०० को औषधी खरिद गरेकोमा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन ।<br>१,स्टोर दाखिला गर्दा प्रत्येक औषधीको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company खुलाई दाखिला गर्नुपर्नेमा सो गरेको पाइएन ।<br>२, आपूर्तिकर्ताबाट आपूर्ति औषधी वा अन्य सामानको Manufacture Date , Expiry Date, Batch no, Manufacture Companyको नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनि वाक्यांश उल्लेख गर्नु पर्नेमा सो गरेको पाइएन ।<br>३, आपूर्तिकर्ता बाट खरिद हुने औषधी तथा औषधी जन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा १८ महिना बाँकी हुनु पर्दछ । तर कुनै औषधी १८ महिना भन्दा कम भएका expiry date हुने भएमा उक्त अवधिको ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेमा औषधीहरुको expiry date विलमा वा लिष्टमा उल्लेख भएको पाइएन ।<br>४.कार्यालयले हस्तान्त्रण गरेको औषधी सम्बन्धित स्वास्थ्य संस्थाले जिन्सी दाखिला गरेको प्रमाण पाइएन ।<br>कार्यालयले खरिद भएका औषधीको म्याद चेक जाँच गरी निर्देशिका बमोजिम भण्डारण एवं दाखिला गरी स्वास्थ्य सस्थामा औषधी दाखिला गरेको प्रमाण राख्नु पर्दछ । | |
| १५.४ | | | **दोहोरो भुक्तानीः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले भौचर नं २९।२०७९।३।२४बाट रघुनाथ मा.बि.को डीपीआर गर्नकोलागी रू ५०००००।०० अनुदान निकासा दिएकोमा बिद्यालयले उक्त रकम बाट रू २९८८८५।०० इन्जिनियरको घर प्रा लि लाई डिपिआर कार्य वापत भुक्तानी दिएको देखिन्छ भने बाकी रू ३०१११५।०० बिधालयका पदाधिकारी र कर्मचारीले सहयोग गरेको भनी खाजा खर्च र बैठक भत्तामा खर्च लेखेको नियम संगत देखिएन । अत यस्तो कार्यमा नियनत्रण हुनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **सशर्त अनुदान (स्वास्थ चालु)**<br><br>आधारभुत स्वास्थ सेवा निशुल्क तथा स्वास्थ्य सेवामा समान पहुँच पाउनु प्रत्येक नेपाली नागरिकको मौलिक हक हो। जनताको सबैभन्दा नजिक रहेको स्थानीय तहलाई संविधानले आधारभुत स्वास्थ र सरसफाई, विपद व्यवस्थापन लगायतका स्वास्थ्य सम्बन्धी महत्वपूर्ण जिम्मेवारी दिएको छ। स्थानीय तहहरुको स्वस्थ्य सेवाको जिम्मेवारी पुरा गर्न उनिहरुको क्षमतामा अभिवृद्धी गरी नागरिकले सहज रुपमा स्वास्थ्य सेवा प्राप्त होस् भन्ने उद्देश्यले नेपाल सरकारले सशर्त अनुदान दिँदै आएको छ। यस आर्थिक वर्षमा भजनी नगरपालिकाले सशर्त अनुदानमा स्वास्थ्य तर्फ गरेका खर्चहरुका सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन तथा सम्बन्धित कार्यक्रमका कार्यविधिहरुको आधार लिई महालेखापरीक्षकको कार्यालयको बार्षिक लेखापरीक्षण योजना मुताविक खर्चको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु बुँदागत रुपमा रहेका छन्। | |
| १६.१ | २२७ | २०७९-३-२४ | **न्यानो झोलाः** संस्थागत सुत्केरी संख्या वृद्धि गरी आमा तथा नवजात शिशु मृत्युलाई कम गर्न नेपाल सरकारले न्यानो झोला कार्यक्रमलाई प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा सञ्चालन गर्दै आएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वियन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन अनुसार यस शिर्षकमा व्यवस्था भएको बजेटबाट प्रसूतिका आधारमा अनुमान गरी समयमै न्यान्यो झोला खरीद गरी सुत्केरीलाई स्वास्थ्य संस्थामै उपलब्ध गराउनु पर्ने व्यवस्था छ। पालिकाले मिति २०७९।०३।२० मा ५५० थान न्यानो झोला प्रति झोला रु. ७८५ का दरले रु. ४,८७,८७७ मा खरिद गरेको छ। पालिकाले मौज्दात यकिन तथा गुणस्तर परीक्षण नगरी आर्थिक वर्षको अन्त्यमा झोलाहरु खरिद गरेको देखिन्छ। यसरी खरिद गरेका झोलाहरु लेखापरीक्षण गरेको समयसम्म पनि झोलाहरु पालिकामै मौज्दात रहेको छ। आवश्यकता नपरी खरिद गर्दा धेरै समयसम्म भण्डार गर्नु पर्ने भएकाले यसको गुणस्तरमा कमी आउने, विभिन्न कारणले विग्रिने, नष्ट हुने लगायतका जोखिम रहन्छ। पालिकाले खरिद गरेका झोलाहरुलाई स्वास्थ्य संस्थाहरुको आवश्यकता अनुसार वितरण गरी आगामी वर्ष खरिद गर्दा मौज्दात यकिन गरेर पालिकालाई आवश्यक भएमा वा आवश्यक संख्यामा मात्र खरिद गर्नु पर्दछ। | |
| १६.२ | | | **अ.न.मि.को पारिश्रमिकः** प्रारम्भिक प्रतिवेदन उपर असूल भई दाखिला भौचर पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु. ७८,०००।- सम्परीक्षण गरिएको। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६.३</td><td>२०</td><td>२०७८-१०-२५</td><td>वितरण भरपाई नभएको: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, कागजात र प्रमाण हुनुपर्ने व्यवस्था छ। रात्रि सेवा इमर्जेन्सी ड्युटी, आमा सुरक्षा कार्यक्रम, खोप तथा गाउँघर क्लिनिक संचालन र महिला स्वास्थ्य स्वयमसेविका बैठक भत्ता शिर्षकबाट जोशीपुर प्राथमिक स्वास्थ्य केन्द्र जोशीपुर-२ मा रात्री सेवा गरे बापतको भत्ता भुक्तानी गर्दा सम्बन्धित स्वास्थ्य केन्द्रले स्वास्थ्यकर्मीको नाम र उनीहरुको एन आई सी एशिया बैंक लि. मा रहेको खाता नम्बर सहितको विवरण पालिकालाई उपलब्ध गराएको छ। पालिकाले स्वास्थ्यकर्मीको खातामा भुक्तानी नगरी जोशीपुर प्राथमिक स्वास्थ्य केन्द्रको खातामा भुक्तानी गरेको पाईयो। साथै स्वास्थ्य केन्द्रबाट आफ्नो खातामा आएको सम्बन्धित स्वास्थ्यकर्मिहरुको भत्ता वितरण गरी वितरण गरेको भरपाई पालिकामा उपलब्ध गराको छैन। अतः पालिकाले स्वास्थ्यकर्मीहरुलाई भत्ता वितरण भएको सुनिश्चित हुने प्रमाण पेश गर्नु पर्ने रकम रु.</td><td>२१३,९००</td></tr>
<tr><td>१६.४</td><td></td><td></td><td>टुक्राई खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने भन्ने व्यवस्था रहेको छ। पालिकाले आधारभुत स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापन खर्च शिर्षक अन्तर्गत विभिन्न किसिमका औषधि लगायतका सामाग्रिहरु खरिद गरेको छ। पालिकाले यस्ता औषधिहरु खरिद गर्दा टुक्राएर स-साना रकमबाट खरिद गरेको देखिन्छ। यसरी औषधि जस्ता संवेदनशिल बस्तु टुक्राई खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने भएकाले सामानको गुणस्तरीयता, लागत बढ्ने लगायतका बिषयहरुमा जोखिम रहन सक्छन्। पालिकाले बस्तु तथा सेवा प्राप्त गर्दा टुक्राई खरिद नगरि सार्वजनिक खरिद ऐनको पालना गरेर एकमुष्ट रुपमा खरिद गर्नु पर्दछ। टुक्राई खरिद गरिएका केही उदाहरणहरुः
<table>
<tr><th>क्रम</th><th>भौचर नं/मिति</th><th>सामानको किसिम</th><th>खरिद मुल्य</th></tr>
<tr><td>१</td><td>८९/ २०७९-०३-२४</td><td>औषधि तथा सर्जिकल सामान</td><td>८८,२३८</td></tr>
<tr><td>२</td><td>९३/ २०७९-३-२४</td><td>औषधि तथा सर्जिकल सामान</td><td>९९,१९०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३</td><td>९०/<br>२०७९-३-<br>२४</td><td>औषधि तथा सर्जिकल सामान</td><td>७३,१६७</td></tr>
<tr><td>४</td><td>९४/<br>२०७९-३-<br>२४</td><td>Autoclave Machine</td><td>८७,५००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६.५</td><td></td><td></td><td>पालिका स्तरीय स्वास्थ्य कार्यक्रम सञ्चालनः स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक बर्ष २०७८/७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ्ग तथा सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपिडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्बन्धि विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ। यस्ता कार्यक्रमहरु यस कार्यविधिले तोकेका शर्तहरुमा रही कार्यान्वयन गर्नु पर्ने हुन्छ। यसरी कार्यान्वयन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी प्रतिवेदन पनि अनिवार्य रहन्छ। एक कार्यक्रम भित्र बिभिन्न कृयाकलापहरु रहन्छन्। ती अन्तरसम्बन्धित रहन्छन् र सबै क्रियाकलापहरु सम्पन्न भएपछिमात्र उक्त कार्यक्रमले सार्थकता पाउछ। पालिकाले एक क्रियाकलाप गरी अन्य क्रियाकलापहरुलाई निरन्तरता नदिई बीचैमा छोड्ने, एक क्रियाकलापमा बढी खर्च गरी अन्य क्रियाकलापहरुको लागि बजेट अपुग गराई कार्यक्रम अधुरै राख्ने, कार्यविधिले नभनेका अनावश्यक कार्यहरुमा समेत खर्च गर्ने लगायतका कमजोरीहरु गरेको देखिन्छ । त्यस्तै, मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मुल्यांकन तथा नियमित प्रतिवेदन भएको पनि देखिदैन। यस्ता प्रवृत्तीले समग्र स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुनै कमोजर हुने र अपेक्षित लाभ प्राप्त हुन नसक्ने जोखिम रहन्छ। अतः पालिकाले स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीताको लागि हरेक कार्यक्रमहरुको ब्रेकेडाउन गरी सोहि अनुरुप कार्यक्रम कार्यन्वयनलाई अनिवार्यता गर्ने, कार्यक्रमका सवै क्रियाकलापहरु सम्पन्न गर्ने तथा कार्यविधिले भने बमोजिम अनुगमन गरी प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन र प्रतिवेदन गर्ने भूमिका रहेको छ। कार्यालयले धेरै संख्यामा योजना छनौट गरेको र त्यस्ता योजनाहरु पूर्वाधार एवम् अन्य विकास निर्माण प्रकृतिका नभई अनुत्पादनमुलक कार्य गराउने गरी छनौट गरेको देखिन्छ। योजनाहरुको अनुगमन तथा मुल्यांकन प्रणाली, प्रतिवेदन गर्ने कार्यपनि प्रभावकारी रुपमा सम्पन्न गरिएको देखिएन। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा कुलो मर्मत, सरसफाई, बाटोमा माटो पटानी कार्य लगायतका २७ वटा कार्यक्रमहरु सञ्चालन गरी ४६० जनालाई रोजगारी उपलव्ध गराई औषत ९ दिन देखि १०० दिनसम्म कार्य गराई रु. १,१६,९४,७८२ खर्च गरेको देखिन्छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। | |
| १८ | | | **सशर्त अनुदान ( शिक्षा चालु)**<br><br>नेपालको संविधान, शिक्षा ऐन लगायत शिक्षासँग सम्वन्धित कानून, निर्देशिका, कार्यक्रहरुले शिक्षामा नागरिकको समान पहुँचको सुनिश्चितता, शिक्षालाई बैज्ञानिक, व्यवहारिक, रोजगारमूलक तथा सीपमूलक बनाउदै सक्षम जनशक्ति तयार, शिक्षाको गुणस्तरीयतामा अभिवृद्धी लगायतका उद्देश्यहरु राखेका छन्। संविधानले माध्यामिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहलाई सुम्पिएको छ। तसर्थ शिक्षा क्षेत्रको विकास विस्तारमा पालिकाहरुको अहम् जिम्मेवारी रहेको हुँदा उनिहरुको क्षमता विकासका लागि नेपाल सरकारले सशर्त अनुदान मार्फत शिक्षा तर्फ वित्तीय हस्तान्तरण गर्दै आएको छ। यस्तो हस्तान्तरीत रकम सम्बन्धित स्थानीय तहले शिक्षक तथा विद्यालय कर्मचारी व्यवस्थापन, पाठ्यपुस्तक तथा शिक्षण सिकाइ सामाग्री, छात्रवृत्ति, दिवा खाजा, परीक्षा सञ्चालन लगाएतका तोकिएका क्षेत्रमा तोकिएको शर्तमा रहि खर्च गर्नु पर्ने हुन्छ। यस पालिकाले आर्थिक बर्ष २०७८/०८९ मा सशर्त अनुदानमा शिक्षा तर्फ लेखिएका खर्च सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७८/७९ तथा सम्बन्धित कार्यक्रमका कार्यविधिहरुको आधार लिई महालेखापरीक्षकको कार्यालयको बार्षिक लेखापरीक्षण योजना मुताविक खर्चको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु बुँदागत रुपमा रहेका छन्। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८.१ | | | **एकमुष्ठ अनुदानः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वय पुस्तिका २०७८/७९ को क्रियाकलाप नं. २.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम अन्तर्गत शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई बार्षिक रुपमा एकमुष्ठ रु. १० लाख दिने व्यवस्था छ। त्यस्तो अनुदान सम्बन्धित विद्यालयले शिक्षक, बालविकास सहजकर्ता र कार्यालय सहयोगीको पारिश्रमिक, विद्यालय व्यवस्थापन, शैक्षिक सामाग्रि लगायतका विषयमा खर्च गर्नु पर्ने हुन्छ र उसले पालिकाबाट यस शिर्षकमा थप अन्य कुनै अनुदानहरु प्राप्त गर्न सक्दैन्। पालिकाले रामजानकी प्रा.वि., शान्ति प्रा.वि. भितरिया, मुक्त कमैया प्रा.वि. रामनगर र छोटेलाल स्मृति प्रा.वि. लक्कड गरि ४ विद्यालयहरुलाई प्रति विद्यालय १० लाखका दरले अनुदान दिएको छ। तर पालिकाले सशर्त अनुदान तथा पालिकाको बजेटबाट माथि उल्लेखित विद्यालयहरुलाई प्रारम्भिक बालविकास केन्द्र सहजकर्ता र विद्यालय सहयोगीका लागि दिईने पारिश्रमिक र सुविधा पनि निरन्तर भुक्तानी गरेको पाईयो। | ९१२,००० |

| क्रम | विद्यालयको नाम | बालविकास सहजकर्तालाई गएको भुक्तानी | कार्यालय सहयोगीलाई गएको भुक्तानी | जम्मा रकम |
|---|---|---|---|---|
| १ | रामजानकी प्रा.वि. | १,१४,००० | १,१४,००० | २,२८,००० |
| २ | शान्ति प्रा.वि. भितरिया | १,१४,००० | १,१४,००० | २,२८,००० |
| ३ | मुक्त कमैया प्रा.वि. रामनगर | १,१४,००० | १,१४,००० | २,२८,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>छोटेलाल स्मृति प्रा.वि. लक्कड</td><td>१,१४,०००</td><td>१,१४,०००</td><td>२,२८,०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>९,१२,०००</td></tr>
</table>
पालिकाले यसरी कार्यविधि विपरित भुक्तानी गर्दा सम्बन्धित शिर्षकमा खर्च गर्ने रकम अपुग भई अन्य कृयाकलापहरुको प्रभावकारीतामा समेत असर पुग्न सक्ने भएकाले वालविकास सहजकर्ता तथा कार्यालय सहयोगीको लागि गएको रकम असुलउपर गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रकम रु.</td><td></td></tr>
<tr><td>१८.२</td><td></td><td></td><td>शिर्षक फरक पारि खर्चः अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) अनुसार सशर्त अनुदान प्राप्त गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्न सक्नेछ र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी बजेट शीर्षक अनुसार खर्च लेखाङ्कन गर्नु पर्दछ । पालिकाले देहाय बमोजिम रु. २५,५५,९७७ खर्च फरक शीर्षकबाट गरेको पाइयो।
<table>
<tr><th>भौ.नं.र मिति</th><th>शीर्षक हुनुपर्ने</th><th>शीर्षक भएको</th><th>रकम रु.</th></tr>
<tr><td>१६१।०७९।३।१५</td><td>शिक्षकको तलब भत्ता</td><td>दिवा खाजाको लागि विद्यालयलाई अनुदान</td><td>१८,०८,०४३</td></tr>
<tr><td>१६२।०७९।३।१५</td><td>बाल विकास सहजकर्ताको पारिश्रमिक</td><td>दिवा खाजाको लागि</td><td>७,४७,९३४</td></tr>
</table></td><td>२,५५५,९७७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | |
|---|---|---|---|
| | | विद्यालयलाई अनुदान | |
| जम्मा | | | २५,५५,९७७ |

यसरी फरक शिर्षकबाट खर्च गर्दा सम्बन्धित शिर्षकका कार्यक्रमहरुमा असर पर्ने तथा वित्तीय सुशासन कायम राख्न कठिन हुन्छ। पालिकाले फरक शिर्षकबाट खर्च गरेको नियमसम्मत नदेखिएको रु.</td><td></td></tr>
<tr><td>१८.३</td><td></td><td></td><td>नन्फाइलरः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत श्री राष्ट्रिय माध्यामिक विद्यालय, लोखरी लाई माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रममा प्राप्त अनुदानबाट विद्यालयले आवश्यक सामाग्री खरिद गर्दा देहायका फर्मलाई मू.अ.कर समेत रु. ५,१३,०४६ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो।

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| ११८/२०७९/०२/२४ | रितिका बुक्स एण्ड जनरल स्टोर | ६०३४३५७७५ | ३४४५९० | ४४७९७ | २०७८/M/६ |
| ११८/२०७९/०२/२४ | आर.के. फर्निचर एण्ड | १०७१५८००६ | १६८४५६ | १९३७९ | २०७८/M/५ |
</td><td>६४,१७६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>डेकोर हब</td><td></td><td></td><td></td><td></td></tr></table>कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले मु.अ. कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल उपर गर्नु पर्ने रकम रु</td><td></td></tr>
<tr><td>१८.४</td><td></td><td></td><td>शिक्षक दरबन्दी र पदपुर्तिः शिक्षा नियमावली, २०५९ अनुसूची १२ मा विद्यालयमा रहनु पर्ने शिक्षक संख्या सम्बन्धी व्यवस्था गरेको छ। शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले स्थानीय तहहरुले दरवन्दी मिलान गर्दा पुरा गर्नुपर्ने कार्यविधिका विषयहरु समेटेको छ। पालिकाले दिएको सामुदायिक विद्यालय शिक्षक विवरण अनुसार स्थायी ६३, राहात ५० शिक्षक दरबन्दीहरु रहेकोमा स्थायीमा ६२ र राहातमा ४३ शिक्षककहरुको पदपुर्ति भएको छ। त्यस्तै पालिकाले २७ शिक्षक करार ८१ जना शिक्षककहरु निजी स्रोतबाट नियुक्ती गरेको देखिन्छ। पालिकाले हालसम्म दरबन्दी मिलान गरेको देखिदैन। दरबन्दि भन्दा बढि शिक्षक, विद्यार्थी संख्याको दरमा शिक्षकहरुको सन्तुलन नमिलेको अवस्था देखिन्छ। यसरी शिक्षक विद्यार्थीको अनुपात नमिल्दा शिक्षण सिकाईमा प्रभावकारीता नदेखिने, विद्यार्थीले विद्यालय छोड्ने दर बढ्ने, करार तथा अनुदानका शिक्षकको संख्या बढ्न गई पालिकालाई थप वित्तीय भार पर्ने जोखिम रहन सक्छ। अतः पालिकाले नियमावली तथा तथा कार्यविधि बमोजिम समयमै दरबन्दी मिलान गरी शिक्षकहरुको सन्तुलित व्यस्थापनद्धारा अध्ययन अध्यापनलाई नियमित गरिनु पर्दछ।</td><td></td></tr>
<tr><td>१८.५</td><td></td><td></td><td>निःशुल्क पाठ्यपुस्तक वितरणः शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ को क्रियाकलाप नं २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान हस्तान्तरण सम्बन्धी व्यवस्था रहेको छ। यसरी हस्तान्तरण गर्दा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने तथा शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा संख्या यकिन गरि नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने व्यवस्था रहेको छ। पालिकाले पहिलो किस्तामा ७५% र दोस्रो किस्तामा पुरै २५% अनुदान दिएको देखिन्छ। पालिकाले नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट भुक्तानी गर्नु पर्नेमा पुरै २५% नै भुक्तानी गरेको, शैक्षिक सत्र २०७९ को विद्यार्थी संख्याको सत्यापन नगरी भुक्तानी गरेको, भुक्तानी भईसकेपछीको अद्यावधिक शैक्षिक तथ्याङ्क (IEMIS) सँग भिडान गर्दा केहि विद्यालयहरुलाई विद्यार्थी संख्या भन्दाबढी पाठ्यपुस्तकको लागि भुक्तानी गएको देखिन्छ। अतः बढी अनुदान हस्तान्तरण हुन गएका विद्यालयहरु विद्यार्थि संख्या यकिन गरी बढी हुन गएमा रकम फिर्ता</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लिने तथा आगामी दिनमा नयाँ शैक्षिक सत्र सुरु भएपछी विद्यार्थी संख्या सत्यापन गराई बाँकी २५% पुरै भुक्तानी नगरी अपुग रकम मात्र आवश्यकता अनुसार भुक्तानी गर्नु पर्दछ। | |
| १८.६ | | | **विद्यार्थी संख्याको सत्यापनः** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ ले तय गरेका कार्यक्रमहरु जस्तैः विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ। यसका लागि विद्यार्थी संख्या यकिन गर्नु पर्ने हुन्छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ। यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर EMIS मा लगत कट्टा भईनसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ। | |
| १८.७ | | | **अनुगमन र प्रतिवेदनः** अनुदान दिईएपछी त्यस अनुदानको कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्नुपर्ने हुन्छ। सशर्त अनुदानमा अनुदान दिनुको निश्चित उद्देश्य रहन्छ र त्यसका लागि शर्तहरु तोकिएका हुन्छन्। शर्त बमोजिम कार्यहरु भए नभएको यकिन गर्न सशर्त अनुदानमा अनुगमनको झनै महत्व रहन्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८/७९ अन्तर्गत रहेका अधिकाम्स कार्यक्रमहरुले अनुदान दिईएपछी आवधिक रुपमा अनुगमन गरि त्यसको प्रतिवेदन तयार गर्नुपर्ने साथै अनुदान प्राप्त गर्ने विद्यालयले पनि तोकिएको समयमा पालिकालाई प्रतिवेदन गर्नु पर्ने व्यवस्था गरेको छ। सूचकमा आधारित अनुगमनले कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता ल्याउनुको साथै आगामी दिनहरुमा कार्यक्रम थप सुधार गर्न मद्दत पुग्ने हुन्छ। पालिकाले विद्यालयहरुलाई अनुदान दिएको तर तोकिएको समयमा गर्नु पर्ने अनुगमन र विद्यालयहरुले गर्नु पर्ने प्रतिवेदन गरेको पाईएन। अतः पालिकाले अनुगमन तथा प्रतिवेदनलाई कार्यक्रम कार्यान्वयन पुस्तिका अनुरुप सम्पन्न गर्नु पर्ने देखिन्छ। | |
| १९ | | | **अनुदानतर्फ**<br><br>**अनुदानबाट वितरणमुखी कार्यक्रमः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कार्यक्रम गर्दा बढी उत्पादनमुखी, प्रभावकारी तथा छिटो प्रतिफल दिने खालको कार्यक्रममा पालिकाले अनुदान दिन सक्ने व्यवस्था छ । पालिकाले बिभिन्न वडाहरुको लागि | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पोशाक वितरण, कम्बल वितरण, झोला वितरण, थर्मस वितरण, बल्याङ्केट वितरण इत्यादि समेतका लागि बजेट तथा कार्यक्रम स्वीकृत गरी आन्तरिक आय चालु शिर्षकबाट दिने व्यवस्था मिलाउनुपर्नेमा अनुदानबाट दिएको रु ४८,२४,३५४ अनियमित देखिएको रु. | |
| २० | | | **चालुतर्फ** | |
| २०.१ | | | **तालीम वा कार्यक्रमको नर्मसः** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका (आठौं संस्करण), २०७७ को परिच्छेद ७.१.१५ अनुसार तालीम तथा कार्यक्रम गर्दा लाग्ने खर्चको अनुसूची तथा विवरण अनुसार गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको बमोजिमको कार्यक्रम तथा तालीम गर्दा निर्देशिकामा भएको व्यवस्था बमोजिमको खर्च गरिने लागत अनुमान सहितको नर्मस तयार नगरी बिभिन्न संस्थासँग कोटेशनमा माग तथा सम्झौता पत्रको आधारमा तालीम तथा कार्यक्रम सञ्चालन गरेको पाइयो । यस्तो तालीम वा कार्यक्रम निर्देशिका अनुसारको लागत अनुमान सहितको नर्मस जिम्मेवार व्यक्तिबाट स्वीकृत गराई मात्र खर्च गर्नु पर्दछ । | |

| क्र.सं. | भौ.नं.र मिति | संस्थाको नाम | तालीम वा कार्यक्रमको नाम | खर्च रु. |
|---|---|---|---|---|
| १ | २७४।०७८।८।१४ | टिकापुर टेक्निकल इन्स्टिच्युट प्रा.लि. | सिलाई कटाई तथा हाउस वाइरिङ्ग तालिम | २३५१०० |
| २ | ५०२।०७८।९।२६ | चौतारी फाउण्डेशन नेपाल संस्था तालीम | मानसिक स्वास्थ्य सम्बन्धि सचेतनामूलक तालीम | ४५२०४९ |
| ३ | ६६५।०७८।११।१० | वातावरण संरक्षक | युवाहरुलाई ड्राइभिङ्ग तालीम | ९९९८२ |
| ४ | ८०९।०७८।१२।१३ | डिभोटी ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर | सहकारी सम्बन्धी वित्त व्यवस्थापन तथा गाउँपालिका स्तरीय कार्यक्रम | ४६८९५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>८६७।०७८।१२।२३</td><td>नेपाल एबल फाउण्डेशन प्रा.लि.</td><td>विपद् व्यवस्थापन सम्बन्धी तालीम</td><td>१८७०१५</td></tr>
<tr><td>६</td><td>१२५०।०७९।३।१५</td><td>समाज परिवर्तनका लागि वातावरण संरक्षण प्रवर्द्धन नेपाल</td><td>लेखा व्यवस्थापन अभिमुखीकरण तालीम तथा कृषि सम्बन्धी तालीम</td><td>३६३४०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>ग्रेड बढी भुक्तानीः- निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) अनुसार जिल्ला स्थित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गरि सोही अनुसार तलब भत्ता भुक्तानी गर्नु पर्दछ । पालिकाले देहाय बमोजिमका ग्रेड बापतको रकम रु. ५,५५४ बढी भुक्तानी गरेकोले सम्बन्धितबाट असुल गरि दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>पद</th><th>ग्रेड दर</th><th>जम्मा ग्रेड रु.</th></tr>
<tr><td>१</td><td>सिद्धराज जोशी</td><td>नायब सुब्बा</td><td>१००७</td><td>५५५४</td></tr>
</table>
</td><td>५,५५४</td></tr>
<tr><td>२०.३</td><td></td><td></td><td>अन्य संस्थालाई भुक्तानीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट अन्य संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निःशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु. १,६०,००० रकम भुक्तानी भएको छन् । तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रवाह हुने सुनिश्चित छैन् ।
<table>
<tr><th>सि.नं.</th><th>संस्थाको नाम</th><th>प्रयोजन</th><th>अनुदान रकम रु.</th></tr>
<tr><td>१</td><td>आदिवासी जनजाती महासंघ</td><td>आर्थिक सहायता</td><td>७००००</td></tr>
<tr><td>२</td><td>नेपाल रेडक्रस सोसाइटी</td><td>आर्थिक सहायता</td><td>४५०००</td></tr>
<tr><td>३</td><td>कोपिला युवा समाज</td><td>आर्थिक सहायता</td><td>४५०००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>१६००००</td></tr></table></td><td></td></tr>
<tr><td>२०.४</td><td>९७२</td><td>२०७९-१-१५</td><td>कृषि कार्यक्रमः कृषि कार्यक्रम बाख्रा वितरणको लागि एस डी एस के पशुपन्छी तथा कृषि फर्मसँग सम्झौता पत्रको आधारमा वडा नं. ३ ले ४८ वटा बाख्रा वितरण गरेको भरपाई पेश भई पालिकाले रु. १,८८,००० अनुदान दिएको उक्त कार्यक्रमको बाख्राको गुणस्तर, वितरण गर्दा लाभग्राही छनौटको आधार, बाख्रा वितरण गर्दा बाख्रामा लागेको ट्याग, वास्तविक लाभग्राही पाए नपाएको सम्बन्धित वडाको सिफारिस समेत नभएको अवस्थामा उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन ।</td><td></td></tr>
<tr><td>२०.५</td><td></td><td></td><td>प्रमाण कागजात बेगर भुक्तानीः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (२) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीहरु कैफियतमा उल्लिखित प्रमाण बेगर भुक्तानी दिएको देखियो । अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा मात्र भुक्तानी दिई अनावश्यक खर्च नियन्त्रण गर्नु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>नाम</th><th>विवरण</th><th>खर्च रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>६७५।०७८।११।११</td><td>सुदूरपश्चिम मिडिया हाउस प्रा.लि.</td><td>सूचना प्रकाशन</td><td>९८०००</td><td>छायांकन भिडियोको प्रमाण पेश भएको पाइएन ।</td></tr>
<tr><td>२</td><td>८४२।०७८।१२।१७</td><td>रामकुमार चौधरी</td><td>संस्कृति प्रवर्द्धन कार्यक्रम</td><td>९९८००</td><td>कार्यक्रमको लागत अनुमान सहितको कार्यसम्पन्न पेश भएको पाइएन ।</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ८७४।०७८।१२।२४ | विपिन हमाल | माघी मिलन कार्यक्रम | २३०६०० | कार्यक्रमको लागत अनुमान सहितको कार्यसम्पन्न पेश भएको पाइएन । |
| ४ | ९१०।०७९।१।४ | सफलता एजेन्सी प्रा.लि. | वृतचित्र निर्माण तथा प्रसारण | ४४४०९० | कार्यक्रमको भिडियो वा सिडी पेश भएको पाइएन । |
| ५ | ९५०।०७९।१।१२ | नेपाल पत्रकार महासंघ कैलाली | पत्रकारिता अभिमुखीकरण तालीम | १५०००० | कार्यक्रमको लागत अनुमान सहितको कार्यसम्पन्न पेश भएको पाइएन । |
| ६ | ९६१।०७९।१।१३ | व्यवसाय विकास तथा परामर्श केन्द्र प्रा.लि. | मोटर ड्राइभिङ्ग तालीम | १८५४१० | १४ जना छनौटको एकीन आधार पेश भएको पाइएन । |
| ७ | ९८५।०७९।१।१९ | टिभि टुडे नेटवर्क प्रा.लि. | कार्यक्रम निर्माण तथा प्रसारण | ४४९५५० | कार्यक्रमको भिडियो वा सिडी |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>पेश भएको पाइएन ।</td></tr>
<tr><td>८</td><td>१३४३।०७९।३।२०</td><td>खसड ड्राइभिङ्ग प्रशिक्षण केन्द्र</td><td>ड्राइभिङ्ग तालिम</td><td>२३८९९५</td><td>१८ जना छनौटको एकीन आधार पेश भएको पाइएन ।</td></tr>
<tr><td>९</td><td>१३६९।०७९।३।२२</td><td>शान्ता चौधरी</td><td>वडास्तरीय खेलकुद कार्यक्रम</td><td>११५५००</td><td>कार्यक्रमको लागत अनुमान सहितको कार्यसम्पन्न पेश भएको पाइएन ।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.६</td><td>५६</td><td>२०७८-६-११</td><td>बील बेगर भुक्तानीः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानी गर्दा खर्चका बील भरपाई, प्रमाण तथा अन्य कागजात समेत नराखी भुक्तानी दिएको रकम रु. २५,१८८ अनियमित देखिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>विवरण</th><th>खर्च रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>वडा नं. ५ र ७ को इन्टरनेट जडान (सुबिसु इन्टरनेट)</td><td>२५,१८८</td><td>इन्टरनेट महसुलको बील पेश गर्नुपर्ने</td></tr>
</table>
</td><td>२५,१८८</td></tr>
<tr><td>२०.७</td><td></td><td></td><td>वितरण भरपाईः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । देहाय अनुसारको कार्यक्रममा वितरण गरेको भरपाई पेश नभएकोले भरपाई पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट रु. १,२०,००० असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम रु.</th><th>कैफियत</th></tr>
</table>
</td><td>१२०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९४९।०७९।१।११</td><td>टुनाटपरी सेट थान ३</td><td>१२००००</td><td>भरपाई पेश भएको पाइएन ।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.८</td><td></td><td></td><td>
मर्मत अभिलेख बेगर भुक्तानीः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) बमोजिम बजेट खर्च लेख्दा खर्चका बील भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको सवारी मर्मतको लागि खरिद गरी मर्मत अभिलेख किताब बेगर रु. १,२८,३४२ भुक्तानी गरेकोले उक्त सामानको मर्मत अभिलेख किताबको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.
<table>
<tr><td>भौ.नं.र मिति</td><td>विवरण</td><td>रकम रु.</td><td>कैफियत</td></tr>
<tr><td>१२८९।०७९।३।१८</td><td>सवारी मर्मत (आर जे इलेक्ट्रिकल्स एण्ड ट्रेडर्स)</td><td>५१०५०</td><td>मर्मत सम्भार अभिलेख किताब बेगर भुक्तानी ।</td></tr>
<tr><td>१२९०।०७९।३।१८</td><td>सवारी मर्मत (एटिएम बिजनेश ग्रुप)</td><td>७७२९२</td><td>मर्मत सम्भार अभिलेख किताब बेगर भुक्तानी ।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१,२८,३४२</td><td></td></tr>
</table>
</td><td>१२८,३४२</td></tr>
<tr><td>२०.९</td><td></td><td></td><td>
जिन्सी दाखिला : आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयलाई प्राप्त मालसमानको बिवरणर मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी समान खातामा आम्दानी बाँधी लगत अधावधिक गर्नु पर्ने ब्यवस्था छ । यस पालिका कार्यालयलेआर्थिक बर्ष २०७८।७९ मा खरिद गरी जिन्सी खातामा आम्दानी जनाएका समानहरूको बिवरणमा स्पेसिफिकेशन उल्लेख गरेको देखिएन। यसरी स्फेसिफिकेशन बेगर जिन्सी खातामा आम्दानी जनाएका समानको पूर्ण बिवरण खुल्ने अवस्था देखिन । अतः पालिका कार्यालयले जिन्सी दाखिला गर्दा मुल्यमा सम्पत्ति तथा समानको स्पेशिफिकेशन सहितको बिवरण खुलाई जिन्सी कितावमा आम्दानी जनाउनु पर्दछ ।केही उदाहरण निम्न छनः
<table>
<tr><th>भौ.नं.र मिति</th><th>समानको नाम</th><th>मूल्य</th><th>कैफियत</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | |
|---|---|---|---|
| ७४।०७८।६।१३ | ल्यापटप १ | २७१६०० | स्पेसिफिकेशन खुलाई दाखिला गरेको पाइएन । |

</td><td></td></tr>
<tr><td>२०.१०</td><td></td><td></td><td>

**प्रमाण पेश गर्नुपर्ने:** भ्रमण खर्च नियमावली, २०६४ को नियम ६ (१) मा पदाधिकारी वा कर्मचारीले काजमा वा भ्रमणमा जाँदा आफूले यात्रा गर्दा खरिद गरेको टिकट र बोर्डिङ्ग पास पेश गरेमा सोधभर्ना पाउने व्यवस्था छ । पालिकाले देहाय बमोजिम टिकट र बोर्डिङ्ग पास बेगर रु. २०,२९५ भुक्तानी गरेको हुनाले बोर्डिङ्ग पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| क्र.सं. | भौ.नं.र मिति | नाम | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७०४।०७८।११।२१ | कमलराज उपाध्याय | धनगढी देखि काठमाण्डौं (०७८।११।१३) | १०४९५ | बोर्डिङ्ग पास संलग्न नरहेको। |
| | | | काठमाण्डौ देखि धनगढी (०७८।१०।१८) | ९८०० | |
| जम्मा | | | | २०२९५ | |

</td><td>२०,२९५</td></tr>
<tr><td>२०.११</td><td></td><td></td><td>

**अनुगमन भत्ताः-** पालिकाको पदाधिकालाई सुविधा उपलब्ध गराउदा सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (ख) मा व्यवस्था भएअनुसार मात्र सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । त्यस्तै कर्मचारीलाई पनि कार्यालयको कामको सिलसिला कार्यालय बाहिर जानु परेमा भ्रमण आदेश स्वीकृत गरि जानु पर्ने र सोहि अनुसार भ्रमण भत्ता उपलब्ध गराउनुपर्दछ । पालिकाले ऐनमा व्यवस्था पनि नभएको तथा सबैलाई कार्यक्रम अनुगमन गरेको भनि अनुगमन भत्ता वापत रु. ७३,५०० भुक्तानी गरेको छ । ऐनमा भएको व्यवस्था विपरित भुक्तानी भएको अनुगमन भत्तालाई नियमसम्मत मान्न नसकिएको रु.

| भौ नं.र मिति | कार्यक्रम | कार्यक्रम गर्ने | भुक्तानी लिने | रकमरु. |
|---|---|---|---|---|

</td><td>७३,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ३७३।०७८।९।६ | आमाहरुलाई पोषण सामाग्री वितरण कार्यक्रम | संजीव चौधरी | पालिकाका ७ जना कर्मचारी तथा पदाधिकारीहरुले १ दिनको | १०५०० | |
| | | | ३७४।०७८।९।६ | आमाहरुलाई पोषण सामाग्री वितरण कार्यक्रम | संजीव चौधरी | पालिकाका ७ जना कर्मचारी तथा पदाधिकारीहरुले १ दिनको | १०५०० | |
| | | | ५७८।०७८।१०।२१ | एकल महिला सम्मान कार्यक्रम | | पालिकाका ७ जना कर्मचारी तथा पदाधिकारीहरुले १ दिनको | १०५०० | |
| | | | ५८०।०७८।१०।२१ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | वडा नं. ७ | पालिकाका ७ जना कर्मचारी तथा पदाधिकारीहरुले १ दिनको | १०५०० | |
| | | | ५८१।०७८।१०।२१ | अपाङ्ग सम्मान कार्यक्रम | वडा नं. ५ | पालिकाका ७ जना कर्मचारी तथा पदाधिकारीहरुले १ दिनको | १०५०० | |
| | | | १२७७।०७९।३।१७ | मैनबती तथा अगरबत्ती तालीम | सञ्जिव चौधरी | पालिकाका ७ जना कर्मचारी तथा | १०५०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>पदाधिकारीहरुले १ दिनको</td><td></td></tr>
<tr><td>१२८०।०७९।३।१७</td><td>महिला स्वं सेविका र सुडेनीहरुलाई तालीम</td><td>वडा नं.४</td><td>पालिकाका ७ जना कर्मचारी तथा पदाधिकारीहरुले १ दिनको</td><td>१०५००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७३,५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२०.१२</td><td></td><td></td><td>लागत अनुमान नभएको: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ (१) बमोजिम रु. १ लाख वा सो भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय बमोजिम खरिद गरे बापत रु. ४,७५,७३० भुक्तानी गरेकोमा सोको लागत अनुमान तयार पारेको छैन् । तसर्थ, लागत अनुमान बिना भुक्तानी भएको लागत यकीन गर्न सकिएन ।
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>१</td><td>४७८।०७८।९।२३</td><td>समावेशी नीति र मर्मत सम्भार सञ्चालन सम्बन्धी कार्यविधि निर्माण (समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर)</td><td>४,७५,७३०</td></tr>
</table>
लागत अनुमान वेगर सार्वजनिक खरिदको विधि अपनाई खरिद व्यवस्थापन गर्न सिकर्दैन। तसर्थ लागत अनुमान तयार गरेर मात्र खरिद कार्य गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२०.१३</td><td></td><td></td><td>स्रेस्ता पेश नभएको: सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि निमावली, २०७६ को दफा ३७ (८) बमोजिम कुनै रकमको भुक्तानी दिदा रित पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ। खर्च भएको सबै रसिद बिल भरपाईहरुमा सिलसिलेबार नम्बर कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्ने व्यवस्था छ । पालिकाको समानिकरण चालुको बैंक नगदी किताब अनुसार खर्च भएको तर गोश्वारा भौचर र सो खर्चलाई पुष्ट्याई गर्ने रु. ६,१५,३२३ कागजात पेश नभएकोले श्रेस्ता पेश हुनुपर्ने रु.</td><td>६१५,३२३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>गोश्वार भौचर</td><td>विवरण</td><td>प्रयोजन</td><td>खर्च रकम रु.</td></tr>
<tr><td>४६।०७८।६।७</td><td>रकम भुक्तानी</td><td></td><td>९५८२३</td></tr>
<tr><td>५२३।०७८।९।२८</td><td>रकम भुक्तानी</td><td>अनुगमन मूल्यांकन खर्च</td><td>६७५००</td></tr>
<tr><td>६७६।०७८।११।११</td><td>रकम भुक्तानी</td><td>कर शिक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम</td><td>४५२०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६,१५,३२३</td></tr>
</table></td><td></td></tr>
<tr><td>२०.१४</td><td></td><td></td><td>निलम्बन फुकुवा पत्रः पालिकामा कार्यरत नायब सुब्बा सिद्धराज जोशीको विशेष अदालतमा मुद्दा परी निलम्बन रहेकोमा सो अवधिभर आधा तलब भत्ता दिएकोमा उक्त अदालतले सफाई दिएकै आधारमा पालिकाले फुकुवा पत्र लेखी सोही आधारमा हाजिर गराई वर्ष भरी बाँकी आधा तलब भत्ता २०७९ को आषाढमा रु. २,१३,३०० भुक्तान गरेको पाइयो । यसरी उक्त मुद्दा अन्तिम किनारा लागेको प्रमाण कागजात संलग्न नगरी भुक्तानि गर्ने कार्य नियन्त्रण हुनुपर्दछ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>बोलपत्रबाट खरिद<br><br>पूर्वनिधारित क्षेतिपुर्ति : सार्वजनिक खरिद नियमाली २०६४ को नियम १२१ मा आपुर्तिकर्ता,परामर्शदाता,सेवा प्रदायक वा निर्माण ब्यावसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको सो सम्झौतामा तोकीएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशत नबढने गरी प्रति दिन शुन्य दशमलब शुन्य पाँच प्रतिशत पुर्वनिधारित क्षतिपुति दिनु पर्ने ब्यवस्था छ । यस पालिकामा आर्थिक बर्ष २०७६।७७ का १२ वटा योजना पालिका कार्यालयले हाल सम्म म्याद थप गर्दै आएको देखिन्छ । यसरी नगरपालिकाले सम्झौता गरेका योजनाहरु १०० प्रतिशत सम्म समय म्याद थप गर्दा पनि सम्पन्न भएको नदेखिएकोले कार्यालयले उक्त योजना हरुको कार्य समयमा सम्पन्न गराउन सकेको छैन। नियमावलीले व्यवस्था गरेतापनि सम्पन्न नभएको कारण र अवस्था विश्लेषण नगरी सबैमा म्याद थप्दै जानुले नियमसंम्मत रुपमा म्याद थप भएको छ भन्ने अवस्था छैन्।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **उपभोक्ता समितिको काम** | |
| २२.१ | | | **उपभोक्ताको कामः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको रु २,७२,२०,०००।०० मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन । | |

| सिन | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | बाटीका सामुदायिक बनको भवन निर्माण उ.स | भवन निर्माण | ८,७०,७६२ |
| २ | सिमरान बिधुत बिस्तार उ.स. | बिधुत कार्य | ६,७७,६१३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>जनजागृती आ.बि.भवन निर्माण उ.स.</td><td>भवन निर्माण</td><td>१२,४१,२७८</td></tr>
<tr><td>४</td><td>बिपी स्मृती भवन निर्माण उ.स</td><td>भवन निर्माण</td><td>९,५९,७५६</td></tr>
<tr><td>५</td><td>सन्त आश्रम भवन निर्माण उ.स</td><td>भवन निर्माण</td><td>५,०२,७१४</td></tr>
<tr><td>६</td><td>सुकुटी नाला पछाडी सडक ग्राबेल उ.स</td><td>सडक ग्राबेल</td><td>५,८०,६५९</td></tr>
<tr><td>७</td><td>वनकट्टा नक्टुवा टोलमा बाटो ग्राबेल उ.स</td><td>सडक ग्राबेल</td><td>५,७३,५२८</td></tr>
<tr><td>८</td><td>मैनापोखरीपिपल चौतारादेखि रघुनाथ जानेबाटो नि.उ.स.</td><td>सडक ग्राबेल</td><td>७,७१,८६३</td></tr>
<tr><td>९</td><td>रघुनाथ क्याम्पासमा बाटो निर्माण उ.स</td><td>बाटो निर्माण</td><td>६,२४,५८१</td></tr>
<tr><td>१०</td><td>महोन्याल बेताल मन्दिर घेराबार उ.स</td><td>घेरावार निर्माण</td><td>५७८,,४०३</td></tr>
<tr><td>११</td><td>सामुदायिक भवनको पर्खाल निर्माण उ.स ६</td><td>पर्खाल निर्माण</td><td>४,८६,,८१४</td></tr>
<tr><td>१२</td><td>शान्ति प्रा.बि. गेटर र पर्खाल नि.उ.स</td><td>पर्खाल निर्माण</td><td>४८३,,१५८</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१३</td><td>वडा न१आधारभुत स्वास्थ्य ईकाइमा घेरावार निर्माण</td><td>पर्खाल निर्माण</td><td>४,५८,०९४</td></tr>
<tr><td>१४</td><td>पिपरकोटी चौराहामा जगन्नथिया चोक निर्माण उ.स.</td><td>पर्खाल निर्माण</td><td>७,२६,३६४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२.२</td><td></td><td></td><td>
गुणस्तर परीक्षणः- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण निम्न अनुसार छन् ।
<table>
<tr><td>सि.नं.</td><td>निर्माण कामको विवरण</td><td>पार्टीको नाम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>वनकट्टी जिरो प्वाइन्टदेखि कालोपत्रे रिगं रोड निर्माण</td><td>के.एम. कन्स्टकशन</td><td>४२,६६,७५९।८५</td></tr>
<tr><td>२</td><td>जोशीपुर बजारदेखि हस्नापुर चोक सम्म सडक कालोपत्रे</td><td>मित्र महरा जे.भी.</td><td>६१,४६,८१६।०३</td></tr>
<tr><td>३</td><td>भितरिया स्कुलदेखि धन बहादुरको घरसम्म सडक कालोपत्रे</td><td>बिधा कन्स्टकशन प्र.लि.</td><td>४,८२,७५७।००</td></tr>
<tr><td>४</td><td>गढी पिपल चौतारादेखि काडा नदी सडक कालोपत्रे</td><td>सावेण निर्माण सेवा</td><td>९,०५,१५५।००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>६</td><td>राष्टिय मा.बि.लक्डमण्डियाको खानेपानी तथा शौचालय निर्माण</td><td>राष्टिय मा.बि.लक्ड मण्डिया को खानेपानी तथा शौचालय निर्माण</td><td>९,७१,९८७।००</td></tr>
<tr><td>७</td><td>सामुदायिक भवन निर्माण वडा नं. ७</td><td>के.एम. कन्स्टकशन</td><td>१५,१५,२५७।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२.३</td><td></td><td></td><td>जनसहभागिताको अंशदान :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १ (क) मा उपभोक्ता समितिबाट संचालन गरिने निर्माण कार्यको लागत अनुमानमा जनसहभागिताको अंश समेतको रकम समावेश हुने ब्यवस्था छ । यस पालिका कार्यालयमा उपभोक्ता समितिबाट सचालन गरिने कार्यमा उपभोक्ता समिति वा लाभग्राही समुहको कति प्रतिशत अंश रहेनेछ भनी सभा वा पालिकाको आधिकारीक निर्णय गरेको प्रमाण देखिएन । उपभोक्ताद्वारा सचालित कार्य उपभोक्ता समितिसंग १० प्रतिशत देखि २० प्रतिशतसम्म रकम राखी कार्य सम्पन्न गरेको देखिन्छ । यसरी पालिकाको आधिकारी निर्णय बेगर अंशदानको प्रतिशत राख्ने कार्य नियमसंगत देखिएन । अतः पालिका कार्यालयले लाभग्राही समुदाय वा उपभोक्ता समितीको प्रतिशत एकिन गरी सभा वा पालिकाबाट निर्णय गराई उपभोक्ता समितिबाट कार्य गराउनेतर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२.४</td><td></td><td></td><td>सार्वजनिक परीक्षणः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२२.५</td><td></td><td></td><td>नापी कितावः- निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका कार्यालयद्वारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आर्थिक बर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ । | |
| २२.६ | | | **पर्खालको काममा नम्स भन्दा बढी भुक्तानी :** भवन बिभागको प्रकाशित नम्सको सि.न.५को क१(ख)२मा १.६ इटा सिमेन्टको वाल लगाउने कार्यमा दक्ष जनशक्ती १।५जना अदक्ष जनशक्ती २।२ जना लाग्ने उल्लेख गरेको छ । परीक्षणका लागी छनौट भएका मध्ये निम्न निर्माण कार्यको दर बिश्लेषण गर्दा दक्षजनशक्ती १।५० लाग्नेमा १ राखेको अदक्षय जनशक्ती २।२३ लाग्नेमा३।९९राखेको र समानको लागी श्रमिकको ३प्रतिशत राख्न पाउने ब्यवस्था भएकोमा बासको ६८० राखेकोले नम्स नुसार जम्मा कष्ट २६२७ हुन पर्नेमा जोशीपुरको गाउपालिकाको दररेट अनुसार ३८४४ भएकोले बढी भुक्तानी हुन गएको प्रति घ.मी रु १२१७ का दरले असुल गर्नु पर्ने देखिएको रू. | १६५,३४५ |

| भौचर न | उपभोक्ता समिति | समानको नाम र परिमाण | नम्स अनुसार हुनु पर्ने | हुनु पर्ने रकम | भएको रकम | फरक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ३५।२०७८।८।१९ | बिपी स्मृती भवन निर्माण उ.स | इटाको वाल १.४ लगाउन | ६४.३६ | २६२७ | ३८४४ | १२१७ | ७८३२६ |
| २०७८।८।१९ | सिमराना गाउको गाउघर क्लिनिक | इटाको वाल १.४ लगाउन | १०।३६ | २६२७ | ३८४४ | १२१७ | १२६०८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निर्माण वडा न ५ | | | | | | |
| २४।२०७९।२।१६ | सामुदायिक भवनको पर्खाल निर्माण उ.स ६ | इटाको वाल १.४ लगाउन | १९।४५ | २६२७ | ३८४४ | १२१७ | २३६७० |
| २०७९।३।१० | | इटाको वाल १.४ लगाउन | २६।८९ | २६२७ | ३८४४ | १२१७ | ३२७२५ |
| ईटाको १।६ रेशियोमा नम्स अनुसार २७५७ हुनपर्नेमा ३३४२ भएकोले केही उदाहरण छन | | | | | | | |
| ३४३।२०७९।२।२६ | शान्ति प्रा.बि. गेट र पर्खाल नि.उ.स | इटाको वाल १.६ लगाउन | १७।१० | २७५६ | ३३४२ | ५८४ | ९९८६ |
| २६६।२०७८१२२९ | वडा न१आधारभुत स्वास्थ्य ईकाइमा | | १३।७५ | २७५६ | ३३४२ | ५८४ | ८०३० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td>घेरावार निर्माण</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१६५३४५</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२.७</td><td></td><td></td><td>अनुगमन नभएको :- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस पालिकामा आर्थिक बर्ष २०७८।७९ मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन आंशिक पेश गरेको देखिन्छ भने पालिकाद्वारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अतः यसले गर्दा पालिकाद्वारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकादारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिबेदन अभिलेखगत रूपमा राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२२.८</td><td></td><td></td><td>पर्खालको काममा नम्स भन्दा बढी भुक्तानी: भवन बिभागको प्रकाशित नम्सको सि.न.५को क१(ख)२मा १.४ इटा सिमेन्टको वाल लगाउने कार्यमा दक्ष जनशक्ती १.५जना अदक्ष जनशक्ती २.२ जना लाग्ने उल्लेख गरेको छ । परीक्षणका लागी छनौट भएका मध्ये निम्न निर्माण कार्यको दर बिश्लेषण गर्दा दक्षजनशक्ती १.५० लाग्नेमा १ राखेको अदक्ष्य जनशक्ती २.२३ लाग्नेमा ३.९९राखेको र समानको लागी श्रमिकको ३ प्रतिशत राख्न पाउने ब्यवस्था भएकोमा बासको ६८० राखेकोले नम्स नुसार जम्मा रु २६२७ हुन पर्नेमा जोशीपुरको गाउपालिकाको दररेट अनुसार ३८४४।०० भएकोले प्रति घ.मी रु१२१७ का दरले बढी भुक्तानी हुन गएको देखिएकोले यकिन गरी असुल गर्नु पर्ने देखिएको रू</td><td>१४७,३२९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| भौचर न | उपभोक्ता समिति | समानको नाम र परिमाण | नम्स अनुसार हुनु पर्ने | हुनु पर्ने रकम | भएको रकम | फरक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ३५।२०७८।८।१९ | बिपी स्मृती भवन निर्माण उ.स | इटाको वाल १.४ लगाउन | ६४.३६ | २६२७ | ३८४४ | १२१७ | ७८,३२६ |
| २०७८।८।१९ | सिमराना गाउको गाउघर क्लिनिक निर्माण वडा न ५ | इटाको वाल १.४ लगाउन | १०।३६ | २६२७ | ३८४४ | १२१७ | १२६०८ |
| २४।२०७९।२।१६ | सामुदायिक भवनको पर्खाल निर्माण उ.स ६ | इटाको वाल १.४ लगाउन | १९।४५ | २६२७ | ३८४४ | १२१७ | २३,६७० |
| २०७९।३।१० | रघुनाथ क्याम्पास | इटाको वाल | २६।८९ | २६२७ | ३८४४ | १२१७ | ३२,७२५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>भित्र बगैचा नि.उ.स</td><td>१.४ लगाउन</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१,४७,३२९।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२.९</td><td></td><td></td><td>
हाते बिल भरपाईः आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयबाट उपभोक्ता समितिदारा निमार्ण तथा खरिद कार्यको लागी बिभिन्न समानको बिल भरपाईको भुक्तानी दिदा प्राबिधिक मुल्याङकनलाई आधार नलिई उपभोक्ताकाले पेश गरेको बिल भरपाईको आधारमा भुक्तानी दिएको देखिन्छ यसरी प्राबिधिकले मुल्याङकंन गरी पेश गरेको बिलको आधारमा उपभोक्ता समितिबाट बिल भरपाई नलिई प्रयोग हुने एउटा मात्र समानको बिल धेरै पेश गरेको आधारमा भुक्तानी भएको कारण कार्यालयदारा निर्माण भएका काम वास्तबिक हुन भन्न सकिने आधार देखिएन र साथै जसले गर्दा समान ढुवानी कति रकम बराबर भएको हो एकिन गरी ढुवानी कर समेत असुल गर्न सक्ने आधार देखिएन ।अत कार्यालयले निर्माण कार्यमा प्रयोग भएका वास्तबिक बिल भरपाई मात्र भुक्तानी भौचरसंग राख्न तर्फ ध्यान दिनु पर्दछ । यस्ता केही उदाहरण निम्म छन ।
<table>
<tr><th>सि.न.</th><th>कार्यक्रमको नाम</th><th>योजनाको नाम</th><th>समानको नाम</th><th>पेश भएको बिल रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>गा.पा. पुजिगत</td><td>वनक्ट्टा नक्टुवाटोलमा बाटो ग्राबेल उ.स</td><td>ढुवानी</td><td>५८४०००</td><td>लिखितम भरपाई</td></tr>
<tr><td>२</td><td></td><td>मैनापोखरी पिपल चौतारादेखि</td><td>ढुवानी</td><td>३१२०००</td><td>लिखितम भरपाई</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>रघुनाथ जाने बाटो नि.उ.स</td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td></td><td>सुकुटी नाला पछाडी सडक ग्राबेल उ.स</td><td>ढुवानी</td><td>५८०९००</td><td>लिखितम भरपाई</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२२.१०</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोग :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन .
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th></tr>
<tr><td>५०।२०७८।९।८</td><td>बाबुरामको घरदेखि डायमसम्म बाटो रोलिङ</td><td>रोलिङ</td><td>५३२४१२</td><td>रोलर</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३२५।२०७९।२।१० \| लक्डदेखि बसाह जानेबाटो पटानि \| रोलिङ \| ४०९१३५ \| रोलर<br>१५।२०७९।१।११ \| इलाका प्रहरी कार्यालयमा माटो पटानी \| रोलिङ \| ४८४२४० \| रोलर | |
| २२.११ | | | **रोयल्टी रसिद पेश नभएको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा कामको प्राबिधिक मुल्याङकन बिल भरपाई खर्च प्रमाणीत गर्ने अन्य बिल भरपाई समितिबाट प्रमाणित गरी सार्वजनिक निकायमा पेश गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले उपभोक्ता समितबाट गराईएका निम्न कार्यमा देखिएको ब्यहोरा तल उल्लेख गरिएको छ । अत पालिका कार्यालयले सम्बन्धित उपभोक्ता समितिले पेश गरे बमोजिमको रोयल्टी रकम सम्बन्धित स्थानिय तहलाई बुझाएको नगदी रसिद भए प्रमाण पेश गर्ने अन्यथा उक्त रोयल्टी रकम असुल गरी पालिका कोषमा दाखिला गर्नु पर्ने रू–<br>भौचर न \| उपभोक्ता समिति \| स्थानिय तह \| रसिद न र ब्यहोरा \| दर \| रकम<br>६२।२०७८।९।२० \| मैनापोखरी राज कुमारको दक्षिण मिस्त्रीको घरसम्म ग्राबेल उ.स \| बर्दगोरिया गा.पा. \| र.न.३०५० र ३०५१ बाट २४० घ.मीको \| १०० \| २४००० | ८३,६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ६३।२०७८।९।२० \| वनक्टा नक्टुवाटोलमा बाटो ग्राबेल उ.स \| लम्की चुहा नगरपालिका \| र.न.९४२६,८५७५,८१३९, ८१३८,८५६८,८५६५, ८५६९,८५६६,९४२७ बाट ३५६घ.मी \| १०० \| ३५६०० | |
| | | | ६७।२०७८।९।२३ \| मैनापोखरी पिपल चौतारादेखि रघुनाथ जाने बाटो नि.उ.स \| बर्दगोरिया गा.पा.र घोडाघोडी न.पा \| र.न.३०३४र ३०२४ बाट २४० घ. मी \| १०० \| २४००० | |
| | | | जम्मा \| ८३,६०० | |
| २२.१२ | | | **ग्राभेल सामाग्रीमा रोयल्टीः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ। यस कार्यालयले उपभोक्ता समितिको बिलको रकम भुक्तानी गर्दा प्राबिधिक बिलमा ग्राबेलमा रोयल्टी भनी मुल्याङ्गन गरेको तर रोयल्टी तिरेको बिल बिजक पेश नगरी भुक्तानी दिएका केही उदाहरण निम्न छन । अत यसरी रोयल्टी वापत भुक्तानी गरेको रकम उपभोक्ताले तिरेको भए प्रमाण पेश गर्ने अन्यथा असुल गरी संचित कोष दाखिला गर्नु पर्ने देखिएको रु.. | २४,४०० |

| भौचर न | उपभोक्ता समितीको नाम | प्रयोग ग्राबेलको परिमाण | ग्राबेल रोयल्टी दर | बिल पेश हुनुपर्ने | बिल पेश भएको | फरक रकम |
|---|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५०।२०७८।९।८ | बाबुरामको घरदेखि डयामसम्म बाटो निर्माण उ.स | ३१८ | १०० | ३१८०० | २०२०० | ११६०० |
| ५७।२०७८।९।२२ | सुकुटी नाला पछाडी सडक ग्राबेल उ.स | ४७८ | १०० | ४७८०० | ३८४०० | ९४०० |
| ३१८।२०७९।२।६ | २४४ | ४२६ | १०० | ४२६०० | ३९२०० | ३४०० |
| | जम्मा | | | | | २४४०० |

२२.१३ **अन्य कार्यालयको खर्च :-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम पालिकाको लागि भएकोले सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च गर्न नहुने व्यवस्था छ । यस पालिकाले अन्य मन्त्रालयबाट विनियोजित रकमबाट खर्च गर्नुपर्ने कार्यक्रम, निर्माण तथा मर्मत कार्यको लागि यस कार्यालयले भुक्तानी गरेको रकम नियमसम्मत देखिएन । स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारित कार्यक्रमको उपलब्धि प्राप्त गर्ने गरी खर्च गर्नुपर्ने हुँदा अन्य निकायको लागि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| भौचर न | कामको बिवरण | रकम |
|---|---|---|
| ४२।२०७८।८।१३ | प्रहरी चौकी ब्यारेक भवन निर्माण | ३९६२३६।०० |
| ५१।२०७८।९।८ | जनजाती आदीवासीको भवन निर्माण | २४०९११।०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३३३।२०७९।२।१९</td><td>रघुनाथ आदर्श बहुमुखी क्याम्पस</td><td>४५७९५९।००</td></tr>
<tr><td>३८८।२७९।३१९</td><td>रघुनाथ आदर्श बहुमुखी क्याम्पस बगैचा निर्माण</td><td>४२८१४६।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>परामर्श कार्य</td><td></td></tr>
<tr><td>२३.१</td><td></td><td></td><td>डीपीआर खर्च– बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>औधोगिक पार्क निर्माण बिस्तृत योजना</td><td>एच.एम क्षन्जिनिरिङ कन्सल्टीङ कन्स्टकशन</td><td>१२५००००</td><td>१२५००००</td><td></td></tr>
<tr><td>१५ शैया अस्पताल डिपीआर</td><td>त्रिनेत्र कनस्टकशन एण्डकनसल्टीङ प्रा.लि.</td><td>१७६९३३७</td><td>१४९३०००</td><td>२७८५१७१९३।९४</td></tr>
<tr><td>जोशिपुर गाउपालिका प्रशासनिक भवन डीपिआर</td><td>एर्पोच कन्सल्टीङ एण्डकन्ट्रक्टर प्रा.लि.</td><td>८८४९४०</td><td>७५५०००</td><td>१४८०९१६५६।३०</td></tr>
<tr><td>जोशीपुर गाउपालिका आवधिक योजना डिपिआर</td><td>इरिश क्षन्जिनिरिङ कन्सल्ट प्रा.लि.</td><td>१७६८४८१</td><td>१५०००००</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>काडा नदी डीपिआर</td><td>R.T.S इन्जिनिरिङकन्सल्टेन्ट पा.लि</td><td>१४७९९३६</td><td>११०४७५०</td><td>९४१४१६१८२</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिम कै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
</td><td></td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>प्रस्ताव मुल्यमङकन :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७६ मा प्राबिधिक प्रस्ताव मुल्याङकन गर्दा मुल्यांकन समितिका प्रत्यक सदस्यले छुटटा छुटै मुल्याङक गरी प्रस्तावदाताले पास गरेको अकं एकिन गर्नु पर्ने ब्यवस्था छ र त्यसरी पास गरेको अकं औषतमा निकाली एकिन गरी उत्तिर्णाक पास गर्ने प्रस्तावदाताको सुची तयार गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले सो नगरी सयुक्त रुपमा ५ वटा कार्यको समितिले अकं प्रदान गरी सोही अकंलाई आर्थिक प्रस्तावमा समापेश गरेको देखिन्छ । यसरी कानुनमा उल्लेख भएको ब्यवस्था पालना नगरी सोझै मुल्याकंन गरी निधारण गरेको अकं वास्तविक हो भन्न सकिने अवस्था देखिएन । जसले गर्दा परामर्शको पर्स्ताव वास्तबिक प्रतिस्पर्धा भएको हो भन्न सकिएन ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>
सोझै खरीद<br><br>
सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर रु. १०,५६,००० सोझै खरीद गरेको पाइयो । प्रतिष्पर्धा नगरी सोझै खरिद गर्ने कार्य नियन्त्रण हुनु पर्दछ ।
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>सामानको विवरण</th><th>खरीद गरेको फर्म</th><th>रकम रु.</th></tr>
<tr><td>१८७।०७८।७।१७</td><td>कार्यालय सामाग्री</td><td>जय हिमाल ट्रेडर्स</td><td>९८७९९</td></tr>
<tr><td>१९३।०७८।७।१७</td><td>कार्यालय सामाग्री</td><td>एस.डि.एस.अफसेट प्रेस</td><td>९८९५१</td></tr>
<tr><td>१९५।०७८।७।१७</td><td>कार्यालय सामाग्री</td><td>कृष्ण मिना ट्रेडर्स</td><td>९२६६०</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१९६।०७८।७।१७</td><td>कार्यालय सामाग्री</td><td>एस.डि.एस.अफसेट प्रेस</td><td>९९८८२</td></tr>
<tr><td>३२२।०७८।८।२२</td><td>कार्यालय सामाग्री</td><td>एस.डि.एस.अफसेट प्रेस</td><td>९७५६७</td></tr>
<tr><td>६१०।०७८।१०।२५</td><td>कार्यालय सामाग्री</td><td>कृष्ण मिना ट्रेडर्स</td><td>८६५९७</td></tr>
<tr><td>६१८।०७८।१०।२५</td><td>कार्यालय सामाग्री</td><td>कृष्ण मिना ट्रेडर्स</td><td>८९६५१</td></tr>
<tr><td>७२३।०७८।११।२०</td><td>कार्यालय सामाग्री</td><td>कृष्ण मिना ट्रेडर्स</td><td>९९६४३</td></tr>
<tr><td>८१५।०७८।१२।१३</td><td>कार्यालय सामाग्री</td><td>मालिकामाई ट्रेड एण्ड सप्लायर्स</td><td>९९८०१</td></tr>
<tr><td>१३३८।०७९।३।२०</td><td>कार्यालय सामाग्री</td><td>कृष्ण मिना ट्रेडर्स</td><td>९९६९९</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९,६३,२५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>सोझै खरिद</td><td></td></tr>
<tr><td>२५.१</td><td></td><td></td><td>कोटेशनको कार्य: सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७८।७९ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्रारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा १.३ प्रतिशत देखि ५.३ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब २० देखि ४३ प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी प्रतिश्पर्धा नगरी सोझै कोटेशनदारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गो.भौ. न</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>भुक्तानी रकम</th><th>घटी प्रतिशत</th></tr>
<tr><td>३३२।२०७९।२।१८</td><td>धौलागाउको नहरदेखि पिपल चौतारासम्म सडक निमाण</td><td>४५९८५५</td><td>४५३६१८</td><td>१.३</td></tr>
<tr><td>३२५।२०७९।२।१०</td><td>लक्कडी देखि बसाहा जाने बाटो पटानी</td><td>४१४१२२</td><td>४०९१३५</td><td>१.२०</td></tr>
<tr><td>१८१।२०७।११।२३</td><td>शेरबहादुर आउजीको घरदेखि बाटो दग्राबेल</td><td>४६५०२३</td><td>४५९०२३</td><td>१.१६</td></tr>
<tr><td>३५८।२०७९।३।१४</td><td>स्वास्थ्य इकाईमा ल्यापटप खरिद</td><td>४९५७८७</td><td>४८०२५०</td><td>३.१३</td></tr>
<tr><td>११७।२०७८।१०।२३</td><td>बिधालयलाई इन्भाटर बितरण</td><td>४९९८९५</td><td>४७२९२८</td><td>५.३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.२</td><td></td><td></td><td>
सोझै खरिद : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १(ख)मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै ब्यक्ती,फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ । यस पालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक ट्क्रा गरी र बिभिन्न पार्टीबाट पटक पटक खरिद गर्ने गरेका केही उदाहरण निम्न छन । यसरी कानुनमा भएको ब्यवस्था पालना नगरी एउटै प्रकृतिका समान पटक पटक र बिभिन्न पार्टीसंग पटक पटक पुजिगत शिर्षकबाट खरिद गरेको रु.१,६८,१९,००६।०० नियमसंगत भन्न सकिएन । अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ।केही उदाहरण निम्न छन ।
<table>
<tr><th>भौचर नं.</th><th>योजनाको नाम</th><th>पार्टीको नाम</th><th>रकम</th></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>७४।२०७८।९।२५</td><td>जोशिपुर बजारदेखिचोकसम्म सडक कालोपत्र,</td><td>सिमिलियन विल्ड्र्स</td><td>४६६१८९</td></tr>
<tr><td>८०।२०७८।९।२६</td><td>वडा न.४का बिभन्न बाटाहरू मर्मत</td><td>निक्षित कन्स्टक्शन</td><td>२६१६२०</td></tr>
<tr><td>१६४।२०७८।११।११</td><td>वडा न.७स्वास्थ्य इकाई अधुरो भवन निर्माण</td><td>एम.बि.एस कन्स्टक्शन</td><td>४६५५६९</td></tr>
<tr><td>१७७।२०७८।११।२०</td><td>वडा न.३डण्डानालामा कलर्भर्ट निर्माण</td><td>चक्रेश्वरीबिजिनेश प्रा. लि.</td><td>४३७००२</td></tr>
<tr><td>१८१।२०७८।११।२३</td><td>शेरबहादुरको घरदेखिबाटो ग्राबेल</td><td>के.डि.एस कन्टक्शन</td><td>४६५०२३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५.३</td><td></td><td></td><td>सेनिटरी प्याड खरिदःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले शिलबन्दी दरभाउबाट एडभान्स सर्जिकल एण्ड सप्लार्सबाट रु.२४ का दरले रु.९,६९,,६००।००(भ्याट वाहेक) मा ४०४०० थान सेनेटरी प्याड खरिद गरेकोमा सोही स्पेशिफिकेशनका सेनेटरी प्याड ग्लोबल ड्रग सप्लार्सबाट रु.३९।९० दरमा थान २१०५० प्याड खरिद गर्दा रु.९,४९,०८१।३५(भ्याट वाहेक) खर्च लेखेको छ । जसबाट सिलबन्दी दरभाउबाट खरिद गरिएको सामाग्री सोझै खरिद गर्दा कार्यालयलाई रु.३,३४,६९५।०० (भ्याट वाहेक) बढी व्यायभार परेको देखिन्छ। साथै कार्यालयले बिद्यालयलाई सेनिटरी प्याड बुझाएकोमा बिद्यालयले बिधार्थीलाई बितरण गरेको भरपाई पेश गरेको देखिएन । अतः कार्यालयले एक पटक कम दरमा सामाग्री प्राप्त गरेकोमा सोही संस्थाबाट पुन सामाग्री प्राप्तिको सुनिश्चितता नगरि अन्य संस्थाबाट बढी दरमा सामाग्री खरिद गरी बढी व्यायभार देखिएको रु</td><td>३३४,६९५</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>पदाधिकारीतर्फ</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>पदाधिकारी बैठक भत्ताः पालिकाको पदाधिकालाई सुविधा उपलब्ध गराउदा सुदुरपश्चिम प्रदेशको स्थानीय पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को अनुसुची १ (ख) मा व्यवस्था भएअनुसार मात्र सेवा सुविधा उपलब्ध गराउनु पर्दछ । पालिकाका देहाय बमोजमका पदाधिकारीहरुले बैठक बसे मात्र बैठक भत्ता पाउनु पर्नेमा प्रत्येक महिनाको २ बैठक बसेको भनी रु. १००० को दरले बैठक भत्ता प्राप्त गरेकोमा प्रति महिना २ बैठक बसेको माइन्युट रु. ५,२०,००० को प्रमाण पेश गर्नुपर्ने अन्यथा देहाय बमोजिम असूल गर्नुपर्ने रु.<br>
<table>
<tr><th>विवरण</th><th>महिना</th><th>पदाधिकारी संख्या</th><th>प्रति बैठक रु. १००० को दरले मासिक २ बैठकको रु.</th><th>जम्मा रु.</th></tr>
<tr><td>गाउँसभा सदस्य</td><td>१०</td><td>२३</td><td>२०००</td><td>४६००००</td></tr>
<tr><td>कार्यपालिका सदस्य</td><td>२</td><td>१५</td><td>२०००</td><td>६००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५,२०,०००</td></tr>
</table></td><td>५२०,०००</td></tr>
<tr><td>२६.२</td><td></td><td></td><td>स्वकीय सचिवः– सुदूरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसै गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षले सचिवालय व्यवस्थापनको लागि स्वकीय सचिवका रुपमा २ जनालाई क्रमशः मासिक रु. १८,००० तथा रु. १५,००० को दरले वर्षभरी रु. ३,९६,००० भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>कर्मचारीतर्फ</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ ख। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अधिकृत, हे.अ., नर्सिङ्ग सहित ३३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ । | |
| २७.२ | | | **करार कर्मचारी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा कानून बमोजिम मात्र भर्ना गर्नुपर्नेमा पालिकाले बिभिन्न पदमा ५७ जना कर्मचारीहरु करारमा राखी रु. २,०१,५४,७७५ खर्च लेखेको छ । यसरी करारमा कर्मचारी राख्दै जानु उचित देखिएन। | |
| २७.३ | | | **अस्थायी ज्यालादारी कर्मचारीको तलबः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले बिभिन्न पदमा कोभिड व्यवस्थापन तथा कार्यालय प्रयोजनको लागि अस्थायी ज्यालादारीमा २२ जना कर्मचारीहरु राखी वर्ष भरी रु. २९,०८,००५ खर्च लेखेको छ । साथै यी कर्मचारीहरुलाई के कसरी नियुक्ति गरी ज्यालादारीमा राखेको हो सो सम्बन्धमा यकिन हुन सक्ने अवस्था नदेखिएकोले पालिकालाई बढी व्ययभार परेको रु. | २,९०८,००५ |
| २७.४ | | | **बढी निकासा वा भुक्तानीः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । देहाय बमोजिमको भुक्तानीमा बढी निकासा वा बील भरपाई नपुग भएको रकम रु. ४४,८४७ असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ४४,८४७ |

| भौ.नं.र मिति | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| ७२।०७८।६।१३ | कमलराज उपाध्याय | १०००० | भ्रमण खर्च प्राप्त गर्दा रु. १०००० को बील भरपाई नपुग |
| ७७६।०७८।११।२२ | सिद्धराज जोशी | १९१८३ | भौ.नं. ७९ र १०९ बाट पनि आधा महिनाको चाडपर्व |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>निकासा भएकोले बढी निकासा भएको</td></tr>
<tr><td>२१३।०७८।७।२९</td><td>सचिन अवस्थी</td><td>१५६६४</td><td>भुक्तानी गर्दा रु. १५६६४ को बील पेश भएको पाइएन</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४४,८४७</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.५</td><td></td><td></td><td>दरबन्दीभन्दा बढी कर्मचारीः पालिकाले स्थायी कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा मन्त्रालयबाट स्वीकृत भएको दरबन्दी बमोजिमका कर्मचारीलाई मात्र तलब भत्ता भुक्तानी गर्नु पर्दछ । पालिका अन्तर्गत रहेका वडा तथा स्वास्थ्य संस्थातर्फ ४७ जना कर्मचारीको दरबन्दी रहेकोमा सोही बमोजिम तलब भत्ता भुक्तानी गर्नुपर्नेमा स्वीकृत दरबन्दी तेरिज अनुसार ५ जना सहायकस्तर चौथो, १ जना सहायकस्तर प्राविधिक चौथो, १ जना मेडिकल अधिकृत गरी दुबैतर्फ जम्मा ७ जना कर्मचारी दरबन्दी भन्दा बढी कामकाज गरेको पाइयो । यसरी दरबन्दी भन्दा बढी कर्मचारी काममा लागाउँदा पालिकालाई बार्षिक रु. २९,०२,५२० थप व्ययभार पर्ने गरेको छ । अतः स्वीकृत दरबन्दी भन्दा बढी हुने गरी सरुवा गर्ने तथा दरबन्दी बाहिरको कर्मचारीलाई हाजिर गराई कामकाज गराउने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td>६४, १७१</td><td></td><td>लघु उद्यम विकास कार्यक्रम :<br><br>लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई स्थानीय तहमा प्रभावकारी तथा व्यवस्थित रुपमा कार्यान्वयन तथा सञ्चालन गर्नका लागि नेपाल सरकारले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ लागु गरेको छ। निर्देशिकाको अनुसूची-३ मा यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने कृयाकलापहरुको लागि बजेटको बाँडफाँड गरिएको छ। अनुसूची भन्दा वाहिर रहेर पालिकाले अनुगमन, सहजकर्ता तथा सहजीकरण शिर्षकमा खर्च गरेको देखिन्छ। यसरी निर्देशिका भन्दा बाहिर रहि नियमसम्मत नदेखिएको खर्च रकम रु.</td><td>२५९,४०९</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>प्रकोप व्यवस्थापन कोषतर्फ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९.१ | | | **प्रकोप व्यवस्थापन कोषः**– विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा २३ (१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको रु. ५०,१४,३२३.६२ मौज्दात रहेकोमा यो वर्ष रु. २४,९६,००० थप भई जम्मा रु. ७५,१०,३२३.६२ मध्ये रु. ४०,६४,३२२.८० खर्च गरी रु. ३४,७४,७८१.०७ रकम बाँकी रहेको देखिन्छ । | |
| २९.२ | | | **कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घर परिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्य योजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू पुर्ण रुपमा कार्यान्वयन गरेको छैन्। । ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ । | |
| २९.३ | | | **समिति गठनः-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेकोरसमिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिए बमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनु पर्दछ । | |
| २९.४ | | | **प्रकोप राहत खर्चः** पालिकाबाट बिभिन्न वडाका लागि राहत तथा उद्दारमा रु. ४०,६४,३२२.८० खर्च गरेको पाइयो । यस्तो खर्चलाई आवश्यकताको आधारमा यथेस्ट पुष्टयाई सहित व्यवस्थित गर्नुपर्दछ। | |
| २९.५ | | | **वार्षिक प्रतिवेदनः**– विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३० | | | **विविधतर्फ** | |
| ३०.१ | | | **कृषि, पशु, खानेपानी तथा विद्यालय अनुदानः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीति, मार्गदर्शन, २०७८ अनुसार मा तोकिएको मापदण्ड भित्र रहेर क्षर्तिपुर्ति, औषधीउपचार, संघ संस्थालाई आर्थिक सहायता, प्रोत्साहन वापतको अन्य अनुदान तथा कार्यक्रममा खर्च उपलब्ध गराउने उल्लेख छ । स्वीकृत योजना अनुसार मेसीनरी औजार, प्लास्टिक पोखरी, बिउ, उपचार मेसीन अन्य सामान समेत आपूर्तक मार्फत खरिद बिल संलग्न गरी शत प्रतिशत अनुदानमा कृषक समूह तथा कृषक, विद्यालय, स्वास्थय संस्था र अन्य संस्थालाई दिएको छ । अनुदानमा वितरण गरिने उपकरणहरु खरिद गर्दा ऐन नियमावली अनुसार खरिद गर्नु पर्ने र वितरित उपकहरणहरु प्रयोगमा रहे नरहेको नियमित अनुगमन हुनु पर्दछ। | |
| ३०.२ | | | **सडक गुरु योजना र अभिलेखः** पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको अभिलेख राखी ती सडकहरुको निमार्ण, स्तरोन्नती मर्मत संम्भार तथा सञ्चालनको उचित प्रबन्ध गर्नु पर्छ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथामिकताको आधारमा वर्गिकरण गरी सोही बमोजिम सडक निमार्ण स्तरोन्नति तथा मर्मत सम्बन्धमा सडक गुरु योजना तयार गरी सोही बमोजिम कार्य हुनुपर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समितिबाट सडक निमार्ण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखिन्छ । | |
| ३१ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराहरु**<br><br>सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ९६ (३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट देखिएका बेरुजु अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै नै बेरुजु फर्छ्यौट गरी लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट कायम निम्नानुसार बेरुजु हालसम्म फर्छ्यौट नभएकोले नियमावलीको व्यवस्था बमोजिम बेरुजु फर्छ्यौट गर्नु पर्दछ । | |
| ३१.१ | | | क्र.सं. \| विवरण \| असूल हुनुपर्ने रु. | ५८,६६० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>भौ.नं.३१ मा रोजगार संयोजक सुशिला देउबा घरेलु तथा साना उद्योग कार्यालय प्रशिक्षककोसुचि दर्ता गराउन गएकोदैनिकभ्रमण भत्ता बुझिलियको तर आफ्नो निजि काममा गएर कार्यालयबाट भुक्तानी लिएकोदेखिएकोले उक्त रकम असुलीदाखिला गर्नुपर्ने रकम रु.</td><td>४२००</td></tr>
<tr><td>२</td><td>भौ.नं. ५२९।०७८।१०।०५ मा चानकी चौधरीलाई रु. ४५० बढि भुक्तानी दिएको उक्त रकम असुल उपर गर्नुपर्ने रु.</td><td>४५०</td></tr>
<tr><td>३</td><td>भौ.नं. ७२४।०७८।११।२० मा गीता कठरियालाई दैनिक भ्रमण भत्तामा रु १७०० बढिभुक्तानी असुल उपर गर्नुपर्ने बेरुजु रकम रु.</td><td>१७००</td></tr>
<tr><td>४</td><td>भौ.नं. ७७५।०७८।११।२५ मा पदाधिकारी अन्य सुविधामा पदाधिकारीको सामाजिक सुरक्षा कर कट्टि नभएको रकम असूल हुनुपर्ने रु.</td><td>२३१०</td></tr>
<tr><td>५</td><td>भौ.नं.११५२।०७९।०३।०२ मा छेदुलाल चौधरीले कार्याकर्ता भेटघाट कार्याक्रमगरे बाफत रु. ५०,००० पेश्कि लिएको र पेश्कि लिदा इन्धन पदाधिकारीशीर्षकबाट लिएको पाइयो । तसर्थ, कुनैपनि कार्यविधि र नियममा स्थानिय तहका पदाधिकारी वाकर्मचारीले कार्याकर्ता भेटघाट गर्न पेश्कि लिन पाइनेव्यवस्था नभएकोले छेदुलाल चौधरीबाट असुल उपर गर्नुपर्ने रकम रु.</td><td>५००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५८,६६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१.२</td><td></td><td></td><td>
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>नियमित हुनपर्ने रु.</td></tr>
<tr><td>१</td><td>भौ.नं.१३० मा गिता कठरियाको दैनिक भ्रमण विल अधिकार प्राप्त अधिकारीबाट स्विकृत बिनाको भुक्तानी रकम अनियमित देखिएको रु.</td><td>४०००</td></tr>
</table>
</td><td>३,३८१,४३१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | |
|---|---|---|
| २ | भौ.नं. १५९ मा रोशन चौधरीको बिल भुक्तानी भयको शिर्षको औचित्य नभएको उक्त भुक्तानीकार्यविधि भन्दा बढि भएको अनियमित देखिएको रु. | ४४०५९ |
| ३ | मिति २०७८।०७।१७मा १ लाख भन्दा माथिको कारोबार कोटेसन मार्फत गर्नुपर्ने हुन्छ, उक्तकार्यालयले एउटै प्रकृति जिन्सि एउटै पसलबाट टुक्रा पारि खरिद गरेकोभौ.नं. १९३ बाट एस.डि.अफसेट प्रेस जोशीपुरबाट रु. ९८,९५१, भौ.नं.१९६ बाट रु. ९९,८८२ को टुक्रापारि खरिद गरेको अनियमित देखिएको रु. | १९९७६४ |
| ४ | भौ.नं. ५५९।०७८।१०।०७ मा मुक्त कमैया प्रा लि लाई पेश्कि भुक्तानी गरिएकोनियमित रकम रु. | ४९५००० |
| ५ | भौ.नं.५७७।०७८।१०।२१ मा गते शान्ता चौधरीले कृष्ण एण्ड मिना ट्रेडर्सबाट सोझै समानखरिद गरेकाले सार्वजनिक खरिद नियमावलिमा रु. १लाखभन्दा बढि खरिद कोटेसनबाट खरिद गर्नुपर्ने अनियमित देखिएको रु. | १३५४४४ |
| ६ | भौ.नं. ६३६।०७८।११।०५ मा डिभोटि टेनिङ एण्ड सेन्टरलाई बजेटको २०% भन्दा बढिपेश्कि भुक्तानी नियमित रकम रु. | २४९०००० |
| ७ | भौ.नं. ७४७।०७८।११।२२ मा एस. एम.ट्रेड इन्टरनेशनलसँग रु. १ लाखभन्दा माथिको मर्मत सोझै खरिद गरेकाले नियमितरकम रु. | १००२१९ |
| ८ | भौ.नं. ७८१।०७८।११।२५ मा जिन्सी दाखिला भौचरमा शाखा प्रमुख र कार्यालयप्रमुखको हस्ताक्षार नभएको भुक्तानी रकम अनियमित देखिएको रु. | ७६३७२ |
| ९ | भौ.नं. १२३ मा सुदर्शन समाज नेपाललाई पेश्कि रकम अनियमित देखिएकोरु. | २७२००० |
| जम्मा | | ३३,८१,४३१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१.३</td><td></td><td></td><td>
<table>
<tr><td>क्र.सं.</td><td>विवरण</td><td>प्रमाण पेश हुनुपर्ने रु.</td></tr>
<tr><td>१</td><td>भौ.नं.३२।०७८।६।०५ मा हरिनारायण चौधरीको दैनिक भ्रमण भत्तामा हाजिर खातामा नजनाएको रअधिकार प्राप्त अधिकारीको र कार्यालय को छापलगाएको प्रमाण पेश गर्नुपर्ने रकम रु.</td><td>७४००</td></tr>
<tr><td>२</td><td>भौ.नं.६० मा नेपाल आदिवासी जनजाती महासंघ गाउँपालिका समन्वय परिषद जोशीपुर कैलालीको विल भरपाई र अन्य प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१९४०८</td></tr>
<tr><td>३</td><td>भौ.नं. १६३।०७८।७।१४मा शान्ता चौधरीको काममा बिल भुक्तानी भएको उक्त वडाको सिफारिस पेश गर्नुपर्ने रकम रु.</td><td>३१०२७</td></tr>
<tr><td>४</td><td>भौ.नं. १६४।०७८।७।१४ मा लाल बहादुर देउवाको अन्य फोहोर व्यवसथापन गरेको फोटो पेश गर्नुपर्ने रकम रु.</td><td>२४०००</td></tr>
<tr><td>५</td><td>भौ.नं. ६३५।०७८।११।०५ मा युनिक विज्ञापन सेवाले सम्झौता पत्र पेश गर्नुपर्ने रु.</td><td>९८३१०</td></tr>
<tr><td>६</td><td>भौ.नं. ६३२।०७८।११।०५ मा हाम्रो युग दर्पण साप्ताहिकले सम्झौता पत्र पेशगर्नुपर्ने रु.</td><td>८००००</td></tr>
<tr><td>७</td><td>भौ.नं. ६५२।०७८।१०।०९ मा दिक्षान्त विज्ञापन सेवाले विज्ञापन प्रसारण गर्दासम्झौता पत्र पेश गर्नुपर्ने रु.</td><td>८६८१६</td></tr>
<tr><td>८</td><td>भौ.नं. ६७४।०७८।११।११ मा रेन्बो मिडिया प्रा लि विज्ञापन प्रशारण गर्दासम्झौता पत्र पेश गर्नुपर्ने रु.</td><td>१२९०९१</td></tr>
<tr><td>९</td><td>भौ.नं. ६७७।०७८।११।११ मा कालान्तर दैनिकले सम्झौता पत्र उल्लेख नभएको रु.</td><td>६००००</td></tr>
</table>
</td><td>६४९,१४२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>मिति २०७८।११।२५ गते विष्ट आयाल स्टोरलाई बिल भरपाई बिना रकम भुक्तानी गरेको कागजात पेश गर्नुपर्ने रकम रु.</td><td>४९०००</td></tr>
<tr><td>११</td><td>भौ.नं. १०५६।०७९।०२।६ मा सन्तराम चौधरीलाई गाडीभाडा र इन्धन दिएको स्पष्ट कागजात पेश गर्नुपर्ने बेरुजु रकम रु.</td><td>६४०९०</td></tr>
<tr><td>१२</td><td>भौ.नं. १०९५।०७९।२।१७ मा कामदार ११ लगाइको तर काम गर्ने कामदार ५ जना मात्र देखिएको र औचित्य पुष्टि हुने कागजात रफोटो पेशगर्नपर्ने रु.</td><td>९९९९६</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६,४९,१४२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
पेश्की बाँकी<br><br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ मा पेश्की दिएको रकम म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>सि नं.</th><th>पेश्की लिनेको नाम</th><th>पद/ठेगाना</th><th>प्रयोजन</th><th>रकम रु.</th></tr>
<tr><td colspan="5">म्याद नाघेको पेश्की</td></tr>
<tr><td>1</td><td>राम बहादुर चौधरी</td><td></td><td>गाउँपालिका अन्तर्गत हुने विमा तथा नविकरण</td><td>१५००००</td></tr>
<tr><td>2</td><td>जोशिपुर प्राथामिक स्वास्थ्य केन्द्र</td><td></td><td>गाउँपालिका अन्तर्गत पानि तथा विजुलि सम्बन्धी खर्च</td><td>१५५०००</td></tr>
</table>
</td><td>४,०४०,५६७.५८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | 3 | मुक्त कमैया प्रा.वि | | मुक्त कमैया प्रावि रामनगरमा आईसिटि रकम अनुदान | ४९५००० | |
| | | | 4 | कामना एड्भरटाईजिङ ऐजेन्सी | | पटके रुपमा जनहितमा जारी हुने सन्देश प्रकाशन खर्च | ४०००० | |
| | | | 5 | डिभोटी ट्रेनिङ्ग एण्ड रिसर्च सेन्टर प्रा.ली. | | महिला तथा लक्षित वर्गसँग उपाध्यक्ष कार्यक्रम | २४९००० | |
| | | | 6 | नेपाल विधुत प्राधिकरण, भजनी केन्द्र | | जोशीपुर वडा नं १ मा विद्युत लाइन विस्तार | १५०००० | |
| | | | 7 | नेपाल विधुत प्राधिकरण, भजनी केन्द्र | | जोशीपुर वडा नं १ मा विद्युत लाइन विस्तार | ४५०००० | |
| | | | 8 | नेपाल विधुत प्राधिकरण, भजनी केन्द्र | | जोशीपुर वडा नं १ मा विद्युत लाइन विस्तार | ५०५३८७.५८ | |
| | | | 9 | नेपाल विधुत प्राधिकरण, भजनी केन्द्र | | जोशीपुर वडा नं १ मा विद्युत लाइन विस्तार | २००००० | |
| | | | 10 | जोशीपुर खानेपानी उपभोक्ता तथा सरसफाई समिति, जोशीपुर १ | | मर्मत सम्भार कोष | २००००० | |
| | | | 11 | दिनेश बहादुर विष्ट | | विविध खर्च | १५००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| 12 | राम बहादुर चौधरी | | बिमा तथा नविकरण खर्च | २००००० |
| 13 | दिनेश बहादुर विष्ट | | विविध खर्च | १५००० |
| 14 | शुसिला देउवा | | गाउँपालिका अन्तर्गतका मोटरसाईकलको नियमित मर्मत सम्भार खर्च | ९००० |
| 15 | बिक्रम चौधरी | | गाउँपालिका अन्तर्गतका मोटरसाईकलको नियमित मर्मत सम्भार खर्च | ८००० |
| 16 | मनोज कुमार चौधरी | | गाउँपालिका अन्तर्गत पानि तथा बिजुलि सम्बन्धी खर्च | २७००० |
| 17 | रन्जित कुमार डगौरा | | गाउँपालिका अन्तर्गत हुने संचार महसुल खर्च | ३२४००० |
| 18 | सन्तोष रोका | कार्यालय सहयोगि | दुना टपरि सम्बन्धी सीप विकास तालिम | ३४५३० |
| 19 | सन्तोष चौधरी | कार्यालय सहयोगि | गाउँपालिका अन्तर्गतका मोटरसाइकलको भैपरी आउने मर्मत सम्भार खर्च | ९८५० |
| 20 | टेक बहादुर डगौरा | | गाउँपालिका अन्तर्गत हुने संचार महसुल खर्च | २५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | 21 | सन्तोष चौधरी | कार्यालय सहयोगी | गाउँपालिका अन्तर्गत पानि तथा बिजुलि सम्बन्धी खर्च | १५०००० | |
| | | | 22 | छेदु लाल चौधरी | | ईन्धन | ५०००० | |
| | | | 23 | भरत बहादुर विष्ट | | गाउँपालिका अन्तर्गत हुने निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार खर्च | ८०००० | |
| | | | 24 | सन्तोष चौधरी | कार्यालय सहयोगि | गाउँपालिका अन्तर्गत हुने संचार महसुल खर्च | ४५०० | |
| | | | 25 | नरेश चौधरी | | गाउँपालिका अन्तर्गत हुने निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार खर्च | १०००० | |
| | | | 26 | लोमस ढुंगना | | गाउँपालिका अन्तर्गत हुने अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च | ५४००० | |
| | | | 27 | रमेश प्रसाद पाण्डेय | | गाउँपालिका अन्तर्गत हुने अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च | ३०००० | |
| | | | 28 | बिक्रम चौधरी | | प्रकोप व्यवस्थापन सञ्चलन खर्च | ४४००० | |
| | | | 29 | बिक्रम चौधरी | | Detail budget for flood preparedness and response plan in joshipur | ६७८०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | 30 | बिक्रम चौधरी | | Detail budget for flood preparedness and response plan in joshipur | ३८००० | |
| | | | 31 | बिक्रम चौधरी | | Detail budget for flood preparedness and response plan in joshipur | २१३००० | |
| | | | 32 | बिक्रम चौधरी | | Detail budget for flood preparedness and response plan in joshipur | ६०००० | |
| | | | जम्मा | | | | ४०,४०,५६७.५८ | |
| | | | **म्याद ननाघेको पेश्की** | | | | | |
| | | | 33 | के.एम. कन्स्ट्रक्सन धनगढी ५ कैलाली | | भगतपुर लोखरीसम्म सडक कालोपत्रे | ४७३००० | |
| | | | 34 | के.स।तेडी। मणिलेक जे.भि. | | सिद्धार्थ बोर्डिङ्ग स्कुल देखि सिमरीसम्म सडक कालोपत्रे | २१००००० | |
| | | | 35 | विश्व लक्ष्मी निर्माण सेवा | | लक्कड देखि प्रस्तावित वडा कार्यलयसम्म सडक कालोपत्रे | ४८०००० | |
| | | | 36 | के.स।तेडी। मणिलेक जे.भि. | | सिद्धार्थ बोर्डिङ्ग स्कुल देखि सिमरीसम्म सडक कालोपत्रे | २१००००० | |
| | | | 37 | जे.एस. निर्माण सेवा भी.न.पा. ७ कञ्चनपुर | | हिरालाल चौधरीको घरदेखि कोधिया देउवाको घर (बौनिया नाला) सम्म सडक निर्माण कार्य | ७००००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>38</td><td>जे.एस. निर्माण सेवा भी.न.पा. ७ कञ्चनपुर</td><td></td><td>६ नं. वडा कार्यालयको भवन निर्माण</td><td>६५००००</td></tr>
<tr><td>39</td><td>के. एम. कन्सट्रक्सन</td><td></td><td>गैर आवासीय भवन निर्माण/खरिद</td><td>१२८०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६६,३१,०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>
सामाजिक सुरक्षाका सन्दर्भमा आन्तरिक लेखा परीक्षणबाट कायम बेरुजु<br><br>
१. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग सिंहदरबार, काठमाडौंको च नं. ५७५मिति २०७८/०६/११ गतेको पत्रानुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ को उपनियम १२ बमोजिम चालु आ.व. २०७८/७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकाले सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा वितरण गर्नुपर्ने हुँदा प्रथम त्रैमासिकको सामाजिक सुरक्षा भत्ता असोज मसान्त भित्रै वितरण गर्नुपर्ने भनि लेखि आएकोमा कार्यालयबाट सो कार्यान्वयन गरेको देखिएन।<br><br>
२. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुदाँ नं २६ को (३) मा एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालाई भुक्तानी गरि सो मिति भन्दा पछिको रकम फिर्ता गरि संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरि सो को कारवाही गरेको पाईएन।<br><br>
३. सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. ३४ मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने, सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तह आफूले गर्न सक्ने कुरा सम्बोधन गरि सम्बोधन गर्न नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तह, प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था छ। तर कार्यकालले उक्त कार्यविधिमा भएको व्यवस्था कार्यान्वय गरेको देखिएन। | |
| ३४ | | | **बिबिध परीक्षणतर्फ** | |
| ३४.१ | | | **वित्तिय समानीकरण अनुदानबाट शिक्षकको तलब**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकालेस्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट २३ वटा विद्यालयको ८१ जना नगर स्वयंसेवक शिक्षकहरुको रु.५२,००,०००।००तलब भुक्तान गरेको पाइयो । तसर्थ, सशर्त अनुदानबाट तलब भत्ताको व्यवस्था भएकोमा समानीकरण शीर्षकबाट खर्च लेख्ने कार्य नियमसम्मत नदेखिएको रु. | ५,२००,००० |
| ३४.२ | | | **भुक्तानी दिन बाँकीको विवरणः** आर्थिक तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र भुक्तानी बाँकीको विवरण म.ले.प.फा.नं.२२१ प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७७।०७८ को भुक्तानी दिन बाँकीको विवरण प्रमाणित नगरी प्रकोप ब्यवस्थापन कोष बाट रु. २८,६१,३७०।०० यस वर्ष भुक्तानी गरेको छ । यसरी उक्त भुक्तानी दिन बाँकीको विवरण भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु. | २,८६१,३७० |

| सि.नं. | भौ.नं.र मिति | भुक्तानी लिनेको नाम | कार्यक्रम | रकम रु. | कैफिएत |
|---|---|---|---|---|---|
| १ | २।२०७८।६।२० | हलेसी मेडिशस सप्लार्स | औषधी खरिद | ४,६३,७५२ | औषधिको बिलमा ब्याच न नखुलेको र स्वास्थ्य संस्थामा |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>दाखिला गरेको प्रमाण नभएको</td></tr>
<tr><td>२</td><td>३।२०७८।६।२०</td><td>भिमदेबि मेडिशन</td><td></td><td>४,११,१५०</td><td>,, ,, ,,</td></tr>
<tr><td>३</td><td>४।२०७८।६।२०</td><td>क्याडेला मेडिकनसर्न</td><td></td><td>४,८८,१६०</td><td>,, ,, ,,</td></tr>
<tr><td>४</td><td>५।२०७८।६।२०</td><td>थोमन मेडिसन</td><td></td><td>१,३१,०५०</td><td>,, ,, ,,</td></tr>
<tr><td>५</td><td>६।२०७८।६।२०</td><td>मेडीजोन मेडिसन</td><td></td><td>४,८७,०३०</td><td>,, ,, ,,</td></tr>
<tr><td>६</td><td>७।२०७८।६।२०</td><td>सुबिसु मेडिसन</td><td></td><td>४,६५,४९६</td><td>,, ,, ,,</td></tr>
<tr><td>७</td><td>८।२०७८९।७</td><td>बियशामेडिशन</td><td></td><td>४१४७३२</td><td>,, ,, ,,</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>२८,६१,३७०</td><td>,, ,, ,,</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४.३</td><td></td><td></td><td>क्याम्पास अनुदानः स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार स्थानिय तहलाई माध्यामिक तह सम्मको शिक्षाको अधिकार मात्र भएकोमा यस पालिकाले रघुनाथ आदर्श बहुमुखी क्यापस संचालनको लागी उद्रेश्य, कार्य, प्रयोजन, नखोलि सोझै अनुदान भौचर न १५।२०७८।११।५बाट रू२०.००,०००।००, ३१।२०७८।३।१० बाट १७,९७,५८७ र भौचर</td><td>४,२९७,५८७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | न.३३।२०७९।३।१६बाट रू ५०००००।०० गरी जम्मा रू ४२,९७,५८७।०० भुक्तानी दिएको देखिन्छ ।यसरी कार्य, उद्वेश्य. कार्य योजना एकिन नगरी सोझै पालिकाले बित्तीय सामानिकरणको रकम आफ्नो अधिकार भन्दा बाहिरको क्षेत्रमा कार्य योजना बेगर अनुदान दिएको नियम संगत नदेखिएको रू. | |
| ३४.४ | | | **अपाङ्ग दिवश भत्ताः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ। यस कार्यालयले अपाङ्ग दिवशमा उपस्थित भएको भनी २०जनालाई रू २००००।०० उपलब्ध गराएको नियम संगत देखिएन ।यस सम्बन्धमा छलफल गर्दा लेखापरीक्षणको समयमा रू ३०००।०० गाउपालिका कोषमा दाखिला गरेको देखिन्छ भने बाकी १७०००।००सम्बन्धित भत्ता बुझ्ने ब्यक्तिबाट असुल गरी दाखिला हुनुपर्ने रु. | १७,००० |
| ३४.५ | | | **ज्यालादारी कर्मचारीको तलब**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कोभिड स्वयमसेबकमा नियुक्ती भएका २२ जना कर्मचारीलाई ज्यालदारीमा नियुक्ती गरी आन्तरिक स्रोतबाट बेहोर्ने भनी मिति २०७८।३।१०को गाउसभाबाट निर्णय गरी नियुक्ती गरेको देखिन्छ । गाउपालिकाको आन्तरिक स्रोत ६८ लाख मात्र भएको अवस्थामा पदाधिकारी सुबिधा ७२लाख खर्च भएको देखिन्छ ।यसरी स्रोतको एकिन नगरी आवशक्ता बेगर कर्मचारी राख्ने निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवारी बनाउनु पर्दछ । | |
| ३४.६ | | | **सामाजिक सुरक्षा शिबिर संचालनः** ब्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्बन्धि दर्ता शिबिर कार्यक्षेत्र शर्तको अनुसुची ४ ख को आर्थिक प्रस्ताव बमोजिम केन्द्रबाट पठाएको रकमको शिबिर संचालन खर्च रू १०१५३०५ ।०० भिडान गर्दा जम्मा ७४५जनाको घटना दर्तामा खर्च भएको देखिन्छ ।यसरी समग्र खर्च परिक्षण गर्दा प्रति घटना दर्तामा १३६२।८२ खर्च भएको देखिन्छ । मंत्रालयबाट नै परामर्शदाता बाट काम गराउने गरी बजेट बिनियोजन गराउने सोही अनुसार खर्च गर्न लगाएको कारण खर्च अस्वभाबिक भएको देखिन्छ ।साथै मन्त्रालयले बजेट संगै परामर्श दाताको ब्यवस्ता गरी पठाए जस्तो देखिन्छ ।अत मन्त्रालयले बजेट निकासा दिदा खरिद ऐन र नियमावली बमोजिम खर्च गर्ने गरी निकासा दिन तर्फ ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.७ | | | **स्थानिय निर्वाचन खर्चः** निर्वाचन आयोगको मिति र च.न. ४११,२०७८।१२।११ को पत्र अनुसार स्थानिय निर्वाचनको लागी निश्चित स्पेशिफिकेशन तोकी सबैसंग प्रतिस्पधा नहुन पाउने गरी सि.सि.क्यामारा जडान गर्नको लागी ७५३ वटै स्थानिय निकायलाई पठाएको परिपत्र अनुसार यस स्थानिय तहले आभास कम्प्युटर टेड्र धोम्बोजी नेपालगंजबाट रु ४८१६१०।००खरिद गरेको देखिन्छ । यसरी प्रतिस्पधा सिमित हुने गरी स्थानिय निकायलाई सि.सि.क्यामारा बजेट बेगर खरिद गर्न लगाएको कार्य नियम संगत देखिएन । तसर्थ नियमसम्मत नदेखिएको खर्च रु. | ४८१,६१० |